# पहिलो परिच्छेद

## शोधकार्यको परिचय

### १. शोधकार्यको परिचय

कुनै पनि कार्यको खोजी गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुराना तथ्यहरूलाई पुनर्व्याख्या गर्नु शोध अर्थात अनुसन्धान हो । शोध तयार गर्नाले सम्बन्धित विषय क्षेत्रमा भएगरेका वास्तविकताहरूका विषयमा जानकारी प्राप्त गर्न सकिन्छ । भाषिक अनुसन्धानका विविध क्षेत्रहरू छन् जस्तै शिक्षण विधि, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, भाषिक स्थिति, विधा शिक्षण, भाषा तथा भाषिकाको अध्ययन, पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको अध्ययन, व्याकरण शिक्षण, भाषिक उपलब्धि तथा मूल्याङ्कन आदि । यी विविध क्षेत्रहरूको आ-आफ्नै महत्व रहेको हुन्छ । अतः यो शोधपत्र भाषिक मूल्याङ्कनअन्तर्गत पर्ने प्रश्नहरूको अध्ययन विश्लेषणमा आधारित रहेको छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (सन् १९९३) ले स्रोतकेन्द्रको अवधारणा विकास गरेअनुरूप रूपन्देही जिल्लामा पनि १० स्रोतकेन्द्रहरूको स्थापना भएका छन् । रूपन्देही जिल्लाअन्तर्गत पर्ने ऐतिहासिक नगरी बुटवलदेखि पश्चिमतर्फमा रहेका सेमलार, खड्वा वनगाई, पर्रोहा, दुधराक्ष तथा सालझण्डी गरी पाँचवटा गा.वि.स. हरूका सम्पूर्ण विद्यालयहरूलाई पायक पर्ने गरी पर्रोहा गा.वि.स. मा रहेको पर्रोहा उच्च मा.वि.को हाताभित्र यस क्षेत्रको स्रोतकेन्द्रको स्थापना गरिएको छ । यो स्रोतकेन्द्रले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरूको शैक्षिक, भौतिक, आर्थिक आदि पक्षको मूल्याङ्कन तथा अनुगमन गर्ने गर्दछ ।

यस पर्सेहा स्रोतकेन्द्रमा परीक्षा सञ्चालनमा एकरूपता कायम गर्नका लागि एउटा स्रोतकेन्द्र स्तरीय परीक्षा समिति गठन गरिएको छ । यही परीक्षा समितिले आफ्नो क्षेत्रभरिका सम्पूर्ण विद्यालयहरूलाई प्रश्नपत्र निर्माण गरी वितरण तथा अनुगमन गर्ने गर्दछ । अतः यो शोधपत्रमा यही स्रोतकेन्द्रले वि.सं. २०६५ सालको वार्षिक परीक्षामा उपयोगमा ल्याएका प्राथमिक तहका नेपाली विषयका प्रश्नहरूको अध्ययन गर्ने जमर्को गरिएको छ ।

### १.१ शोधशीर्षक

प्राथमिक तहको भाषिक मूल्याङ्कनका लागि उपयोगमा ल्याइएका प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने उद्देश्यले तयार गर्न लागिएको यस शोधपत्रको शीर्षक '**प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षा (२०६५) मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन**' रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको, कोर्ष नं. ५९८ को प्रयोजनका निम्ति तयार गरिएको हो ।

### १.३ समस्याकथन

शिक्षामा लगाइएको लगानीको लेखाजोखा गर्ने माध्यम परीक्षा हो । परीक्षाले नै समग्र शिक्षक, विद्यार्थी, शिक्षणसंस्था तथा अभिभावक वर्गहरू सम्पूर्णलाई उन्नति तथा प्रगतिको विवरण देखाउने गर्दछ । सही मूल्याङ्कनका लागि लिइने परीक्षा विश्वसनीय तथा वैध हुनु अनिवार्य हुन्छ । परीक्षाको स्तरीयताभित्र प्रश्नहरूको स्तरीयता पनि पर्दछ । भाषिक मूल्याङ्कनका चार आधारहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) भएपनि नेपाली विषयको मूल्याङ्कनको प्रमुख साधनका रूपमा लिखित परीक्षालाई नै लिने गरिन्छ । प्राथमिक तहका परीक्षाहरू स्रोतकेन्द्र स्तरीय रूपबाट

लिने गरिन्छ । अतः यही विषयमा आवद्ध रहेर यस शोधपत्रमा निम्न समस्याहरू केलाउने जमर्को गरिएको छ -

क) भाषिक सीपहरूको मूल्याङ्कन गर्न के-कस्ता साधनहरूको उपयोग गर्न सकिन्छ ?

ख) पर्रोहा स्रोतकेन्द्रमा २०६५ सालको वार्षिक परीक्षा (प्राथमिक तह) मा नेपाली विषयमा के-कस्ता प्रश्नहरूको उपयोग गरिएको थियो ?

ग) यो परीक्षामा भाषिक सीपको के-कति प्रकारहरूको उपयोग गरिएको थियो ?

घ) प्रश्नहरू भाषिक सीपसँग सम्बन्धित छन् वा छैनन् ?

ङ) पर्रोहा स्रोतकेन्द्रमा २०६५ सालमा उपयोग गरिएका प्राथमिक तहका नेपाली विषयका प्रश्नहरू स्तरअनुरूपका छन् वा छैनन् ?

च) उक्त प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा तयार गरिएका छन् कि छैनन् ?

### १.४ शोधलेखनको उद्देश्य

प्राथमिक तहको भाषिक मूल्याङ्कनको उपयोगमा ल्याइएका स्रोतकेन्द्र स्तरीय युक्तिहरूको स्तरीयता परीक्षण गर्ने ध्येयले तयार गरिएको यस शोधपत्रलेखनका प्रमुख उद्देश्यहरू यसप्रकार रहेका छन् -

क) भाषिक सीप परीक्षणका साधनहरूको परिचय दिनु ।

ख) स्रोतकेन्द्र तथा स्रोतकेन्द्र स्तरीय परीक्षाको चिनारी दिनु ।

ग) पर्रोहा स्रोतकेन्द्रले वार्षिक परीक्षा २०६५ मा उपयोगमा ल्याएको प्राथमिक तहको नेपाली विषयका प्रश्नका प्रकारहरू छुट्याउनु ।

घ) स्तरअनुरूपताका आधारबाट उक्त प्रश्नहरूको विश्लेषण गर्नु ।

ङ) प्रश्नहरू भाषिक सीपसँग सम्बन्धित छन् , छैनन् छुट्याउनु ।

च) प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप छन्, छैनन् छुट्याउनु ।

**१.५ पूर्वकार्यको समीक्षा**

भाषिक मूल्याङ्कन भाषाशिक्षणको अनिवार्य तत्व भएपनि यस विषयमा खोज, अनुसन्धान गर्ने कार्य प्रशस्त मात्रामा भएको पाइँदैन । भाषिक मूल्याङ्कनका विषयमा अनुसन्धान गर्ने, शोधपत्र तयार गर्ने कार्य सबै तहहरूमा समानुपातिक रूपबाट भएको पाइँदैन । मूल्याङ्कनका प्रमुख साधनका रूपमा केवल लिखित उत्तर खोजिने प्रश्नपत्रलाई मात्र लिने गरिन्छ । भाषिक मूल्याङ्कनका विविध साधनहरू भएपनि लिखित परीक्षालाई नै भाषिक मूल्याङ्कनको प्रमुख साधन मान्ने परम्परा हरेक तहमा रहदै आएको छ । यसरी हेर्दा भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को भाषा सिकाइमा समान महत्व भएपनि मूलतः लेखाइ सीपलाई नै भाषिक मूल्याङ्कनको प्रमुख आधार मानिएको तथ्य यस पूर्व गरिएका भाषिक मूल्याङ्कनसम्बन्धी शोधकार्यहरूको विवरणहरूले स्पष्ट पार्दछन् ।

नेपाली भाषाको मूल्याङ्कन गर्न उपयोग गरिएका प्रश्नहरूको सान्दर्भिकता, स्तरअनुरूपता तथा उपयोगिता पत्ता लगाउने हेतुले विभिन्न समयमा शोधलेखन गर्ने कार्यहरू सम्पन्न भएका छन् । वि.सं. २०५१ सालमा माधवप्रसाद शर्माले 'कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार गर्दै कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको स्तरअनुरूपता परीक्षण गरेका थिए भने अम्बिकाप्रसाद रेग्मीले 'कक्षा ५ को नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण २०५४' शीर्षकमा कक्षा ५ का नेपाली भाषाका प्रश्नहरूलाई केलाएर हेर्ने काम गरेका थिए । त्यस्तै गरी दिलिपकुमार आचार्यले २०५८ सालमा कक्षा ८ का नेपाली भाषाका प्रश्नहरूलाई पुनः विश्लेषण गर्ने कार्य गरेका थिए । नेपाली भाषाका प्रश्नहरूको अध्ययन, विश्लेषण गर्ने क्रममा रामचन्द्र इटलीले वि.सं. २०५८ का एस.एल.सी. टेष्ट परीक्षाका नेपाली भाषाका प्रश्नहरूको अध्ययन गर्दै आफ्नो शोधपत्र तयार गरेका थिए । प्राथमिक तहको नेपाली भाषाको मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका २०५९

सालका साधनहरको अध्ययन गर्दै सुरज पौडेलले पनि आफ्नो शोधपत्र तयार गरेका थिए भने केदारप्रसाद शर्माले 'A Critical Evaluation of Primary level government test book of the Nepali Language' शीर्षकबाट विद्यावारिधिको उपाधिसमेत हासिल गरेका थिए ।

यसरी भाषिक मूल्याङ्कन तथा भाषिक प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने सम्बन्धमा यसअगाडि भएगरेका कार्यहरूको विवरणलाई केलाएर हेर्दा कक्षा ८, टेष्ट, एस.एल.सी. तथा कक्षा ५ का नेपाली भाषाका प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने काम भएपनि हालसम्म प्राथमिक स्तरको स्रोतकेन्द्र स्तरीय परीक्षामा उपयोगमा ल्याइएका नेपाली विषयका प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने कार्य भएको पाइँदैंन । यही कारण यहाँ प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षामा भाषिक मूल्याङ्कनमा उपयोग गरिएका पर्रोहा स्रोतकेन्द्रका नेपाली विषयका प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको हो ।

**१.६ शोधलेखनको औचित्य**

भाषिक मूल्याङ्कन भाषाशिक्षणको अनिवार्य तत्व हो । त्यसैले यो अध्ययन सर्वप्रथम भाषाशिक्षण गराइरहेका मानिसहरूका लागि उपयोगी हुनेछ । यो शोधपत्रले विभिन्न भाषिक सीप तथा भाषिक पक्षहरू शिक्षणका निम्ति दिइएका क्रियाकलाप पूरा गराइसकेपछि शिक्षण कार्य सफल भयो वा भएन भनी परीक्षण गर्न तयार गरिएका प्रश्नावलीको स्तर अनुरूपता पत्ता लगाउन सहयोग गर्नेछ । नेपाली भाषासम्बन्धी प्रश्न निर्माताहरूले यस शोधपत्रको निष्कर्षका आधारमा प्रश्न निर्माण र परिमार्जन गर्न सक्नेछन् । विशिष्टीकरण तालिका तथा कक्षाको स्तरअनूरूप नभएमा स्रोतकेन्द्रभरिका सम्पूर्ण विद्यालयहरूको सही मूल्याङ्कन हुन सक्दैन । त्यसैमा पनि प्राथमिक तह उच्च शिक्षासम्मको आधार भएकाले यो तहमा उपयोग गरिने भाषिक मूल्याङ्कनका साधनहरूको अध्ययन बढी उपयोगी हुन्छ । प्राथमिक तहको स्रोतकेन्द्र

स्तरीय परीक्षामा उपयोग गरिने नेपाली भाषाका प्रश्नहरू कत्तिका स्तरीय छन् भन्ने कुराको विश्लेषण गर्ने काम यस शोधपत्रमा गरिएको छ ।

यसरी हेर्दा भाषाशिक्षणमा भाषिक मूल्याङ्कनको जति औचित्य छ त्यति नै मात्रामा यो शोध लेखनको पनि रहेको छ । भाषिक मूल्याङ्कनका युक्तिहरूका स्तरीयता परीक्षण गर्नका लागि तयार गरिएको यो शोधपत्र भाषाशिक्षणकर्ताहरूसँग मात्र नभै शैक्षिक मूल्याङ्कनकर्ता सम्पूर्ण पक्षका मानिसहरूका लागि पनि उपयोगी हुनेछ । अतः यो शोधपत्र अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता, विशिष्टीकरण तालिका निर्माणकर्ताहरू सम्बन्धित सबैलाई उपयोगी हुनेछ ।

### १.७ शोधलेखनको सीमाङ्कन

प्राथमिक तहमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन, विश्लेषण गर्ने हेतुले तयार गरिएको यो शोधपत्र मूलतः सामुदायिक विद्यालयका प्राथमिक तहका कक्षाहरू (कक्षा एक, कक्षा दुई, कक्षा तीन, कक्षा चार र कक्षा पाँच) मा मात्र सीमित रहेको छ । यस शोधपत्रमा वि.सं. २०६५ सालको अन्तिम परीक्षामा उपयोग गरिएको नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । स्रोतकेन्द्रका रूपमा यो शोधपत्र रूपन्देही जिल्लाको उत्तर-पश्चिममा अवस्थित पर्रोहा स्रोतकेन्द्रलाई नमुना छनोट गरिएको छ । यस शोधपत्रमा पर्रोहा स्रोतकेन्द्रले आफ्नो क्षेत्र (सेमलार, खडुवा वनगाई, पर्रोहा, दुधराक्ष र सालझण्डी गा.वि.स.) भित्रका सामुदायिक विद्यालयहरूमा प्रयोग गरेको प्राथमिक तहका नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन गर्ने काम गरिएको छ । कक्षा ५ प्राथमिक तहको अन्तिम कक्षा भएकाले स्रोतकेन्द्रद्वारा प्रयोगमा ल्याइएका प्राथमिक तहका प्रश्नहरूमध्ये उक्त कक्षाका प्रश्नहरूलाई नमुना छनोट गरी स्तरअनुरूपता तथा पाठ्यक्रमअनुरूपतासमेत हेरिएको छ ।

### १.८ अध्ययन विधि

शोधपत्र सम्पन्न गर्ने आधार अध्ययन विधि हो । प्रस्तुत शोधपत्र क्षेत्रीय अध्ययन विधिमा आधारित भएकाले नमुना छनोट तथा तथ्याङ्क सङ्कलनका स्रोतहरूको मूल थलोका रूपमा रूपन्देही जिल्लामा रहेको पर्रोहा स्रोतकेन्द्रलाई

लिइएको छ । त्यसैले यो अध्ययन सम्पन्न गर्न पर्रोहा स्रोतकेन्द्रले वि.सं. २०६५ सालको प्राथमिक तहको अन्तिम परीक्षामा उपयोग गरेका नेपाली विषयका प्रश्नहरूलाई प्राथमिक स्रोत मानिएको छ । यसका साथै उक्त स्रोतकेन्द्रमा गठित परीक्षा समितिलाई पनि प्राथमिक स्रोतसामग्री सङ्कलनको आधार मानी उक्त समितिबाट समेत सामग्री सङ्कलन गरिएको छ । केवल प्राथमिक स्रोतका आधारबाट मात्र सङ्कलित शोधसामग्रीले शोधपत्रलाई पूर्णता दिन सक्दैन, यसका लागि द्वितीयक शोधसामग्रीहरूको पनि आवश्यकता पर्दछ । त्यसैले पर्रोहा स्रोतकेन्द्र सम्बद्ध स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू, विभिन्न पाठ्यपुस्तक, शोधग्रन्थ, पत्रपत्रिका सम्बन्धित सबै पक्षबाट द्वितीयक स्रोतसामग्रीका रूपमा सामग्री सङ्कलन गरी यो शोधपत्र तयार गरिएको छ । तथ्याङ्क सङ्कलनका उपकरणका रूपमा प्रश्नावली, अन्तर्वार्ता, मतावली आदि विधिहरूको प्रयोग गरिएको छ ।

### १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सजिलैसँग र सु-व्यवस्थित तवरले अध्ययन, विश्लेषण गर्नका लागि पाँचौं परिच्छेदमा सङ्गठित गरी विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समायोजन गरिएको छ । शोधपत्रको अन्त्य (परिशिष्ट) खण्डमा पर्रोहा स्रोतकेन्द्रले उपयोगमा ल्याएका २०६५ सालका वार्षिक परीक्षाका कक्षा १ देखि ५ सम्मका नेपाली विषयका प्रश्नपत्रहरू, स्रोतकेन्द्रको नक्सा, स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूको नामावली आदि कुराहरू समावेश गरिएका छन् । शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ-

पहिलो परिच्छेद : शोधकार्यको परिचय
दोस्रो परिच्छेद : अध्ययन क्षेत्र (स्रोतकेन्द्र) को परिचय
तेस्रो परिच्छेद : भाषिक मूल्याङ्कन र यसका साधनहरूको परिचय
चौथो परिच्छेद : स्रोतकेन्द्र स्तरीयक परीक्षा (२०६५) मा प्राथमिक तहमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन
पाँचौं परिच्छेद : निष्कर्ष तथा सुझावहरू
परिशिष्ट

# दोस्रो परिच्छेद

## स्रोतकेन्द्रको अवधारणा तथा अध्ययन क्षेत्रको परिचय

### २.१स्रोतकेन्द्रको अवधारणा

हाल सञ्चालनमा रहेको स्रोतकेन्द्रको अवधारणा बुझ्दै जाँदा सेती अञ्चलका लागि लागू गरिएको सेती परियोजना (Seti Education for Rural Development Project SERDP) सम्म पुग्नु पर्ने हुन्छ । सन् १९८१-१९९१ मा सेती ग्रामीण विकासका लागि शिक्षा परियोजनाको प्रारम्भ भयो । यो परियोजना सेती अञ्चलमा लागू गरिएको थियो । परियोजनाअन्तर्गत ६ देखि १४ वटा विद्यालयहरूलाई समूह बनाइ माझमा पर्ने एक विद्यालयलाई स्रोतकेन्द्रका रूपमा विकसित गरी सेवा क्षेत्रका शिक्षकहरूलाई सेवा तथा तालिम दिने, अनौपचारिक कक्षा सञ्चालन, शैक्षिक सामग्री वितरण आदिजस्ता कार्यहरू गर्दथ्यो । सेती परियोजनामा स्रोतव्यक्तिका रूपमा रहेर कार्य गर्नका लागि स्रोतकेन्द्र कायम गरिएको माध्यमिक विद्यालयलाई एक माध्यमिक शिक्षक बरावरको तलव रकम अनुदान दिने गरिन्थ्यो । स्रोतकेन्द्रको दायित्य संस्थागत रूपमा रहेको थियो । स्रोतविद्यालयले पठन पाठनमा असर नपर्ने गरी स्रोतकेन्द्रका रूपमा जिम्मेवारी निर्वाह गर्दथ्यो ।

सेती परियोजनाको अनुभवलाई आधार मानी यसको विस्तारित रूपमा देशका अन्य स्थानहरमा पनि प्राथमिक तहको शिक्षाको विकासका लागि शैक्षिक परियोजनाहरू लागू गरिए । यसै क्रममा सन् १९८४ सालमा नेपाल अधिराज्यका ६ वटा जिल्लाहरू (झापा, धनकुटा, तनहुँ, कास्की, दाङ र सुर्खेत) मा प्राथमिक शिक्षा परियोजना (Primary Education Project) लागू गरियो । यो प्राथमिक शिक्षा परियोजनाले सेती परियोजनाबाट आएको स्रोतकेन्द्रको अवधारणालाई यथावत् राखेर स्रोतकेन्द्रको जिम्मेवारी छुट्टै स्रोतव्यक्ति (Resource Person RP) लाई दियो । सेती परियोजनामा स्रोतकेन्द्रको जिम्मेवारी संस्थागत रूपमा स्रोत

विद्यालयको हुन्थ्यो भने प्राथमिक शिक्षा परियोजनामा उक्त जिम्मेवारी छुट्टै एक जना अधिकृतलाई सुम्पिएको थियो ।

यो परियोजनाले ७ देखि १५ विद्यालयलाई ६ कि.मि. को बीचमा पर्ने गरी एउटा विद्यालयलाई स्रोतकेन्द्रको रूपमा स्थापित गऱ्यो । उक्त परियोजनाले स्रोतकेन्द्र सञ्चालक समितिको गठन गरी काम, कर्तव्य र अधिकार पनि तोकेको यियो । यस परियोजनाले स्रोतकेन्द्रको अवधारणालाई विशेष जोड दिँदैं स्रोतकेन्द्र विस्तारित कार्यक्रमसमेत लागू गरेको थियो ।

यसरी सन् १९८४ मा लागू गरिएको प्राथमिक शिक्षा परियोजनाले सेती परियोजनाले लागू गरेको स्रोतकेन्द्रको अवधारणालाई निरन्तरता दिएको थियो । यस परियोजनाअन्तर्गत स्रोतकेन्द्रमा विद्यालय निरीक्षणको जिम्मेवारी स्रोतव्यक्तिलाई सुम्पिएको थियो भने स्रोतकेन्द्रहरूको कार्यमा समन्वय र एकरूपता ल्याउन क्षेत्र संयोजक (Field Co-ordinator) को पनि व्यवस्था गरिएको थियो ।

सन् १९९० मा थाइल्याण्डमा भएको जोम्टियन सम्मेलनले पारित गरेको सन् २००० सम्ममा सबैका लागि शिक्षा "Education for all" भन्ने नारामा नेपालले पनि हस्ताक्षर गरेअनुरूप प्राथमिक तहको शिक्षालाई सर्वव्यापक तथा सर्वसुलभ बनाउने उद्देश्यले प्राथमिक शिक्षा परियोजनालाई विस्तार गरी 'आधारभूत तथा प्राथमिक शिक्षा परियोजना' (Basic and Primary Education Project BPEP) का रूपमा सन् १९९२ देखि लागू गरियो । यो परियोजनालाई लागू गर्दा सेती परियोजना तथा प्राथमिक शिक्षा परियोजनाका अनुभवहरूलाई आधार बनाइएको थियो । अन्तराष्ट्रिय स्तरका दातृसंस्थाहरूमध्ये विश्व बैङ्कको ऋण सहयोग तथा डेनिडा, युनिसेफ, युएनडिपि र जाइकाको अनुदान सहयोगबाट स्रोतकेन्द्र विकास एकाइका रूपमा सञ्चालनमा रहेको यो परियोजनाले स्रोतकेन्द्रको अवधारणालाई मजबुत बनायो । यसले स्रोतकेन्द्रलाई मुख्य कार्यथलो मानी सम्पूर्ण विद्यालयसम्म पुग्ने जिम्मेवारी स्रोतव्यक्तिलाई

सुम्पने कार्य गऱ्यो । यसरी स्थापना भएका हरेक स्रोतकेन्द्रहरू आफ्ना मातहतका विद्यालयहरूलाई शैक्षिक गुणस्तर वृद्धिका लागि सहयोग गर्ने एउटा क्रियाशिल संस्थाका रूपमा रहेका छन् । यी संस्थाहरूले विद्यार्थी, शिक्षक, समुदाय र समष्टिगत रूपमा विद्यालयलाई नै शैक्षिक सुधारमा सघाउ पुऱ्याउँदै आएका छन् ।

नेपालका ७५ वटै जिल्लामा हाल १३३१ वटा स्रोतकेन्द्रहरू सञ्चालित छन् । प्रत्येक स्रोतकेन्द्रमा एक स्रोतव्यक्तिको व्यवस्था गरिएको हुन्छ भने स्रोतकेन्द्रको योजना तर्जूमा कार्यक्रम, बजेटको तयारी, स्थानीय स्रोतको परिचालन, शैक्षिक कार्यक्रमहरूको सुपरीवेक्षण एवम् अनुगमन गर्नका लागि स्रोतकेन्द्र व्यवस्थापक समितिको (Resource Centre Management Committee RCMC) पनि गठन गरिएको हुन्छ । हरेक स्रोतकेन्द्रहरूमा देहाय बमोजिमका ११ सदस्यीय स्रोतकेन्द्र व्यवस्थापक समितिका पदाधिकारीहरू रहेका हुन्छन् -

क) स्रोत विद्यालयका अध्यक्ष - पदेन अध्यक्ष

ख) समूह विद्यालयका अध्यक्षहरूमध्ये मनोनित सदस्य ३ जना ।

ग) स्थानीय शिक्षाप्रेमी, गा.वि.स. वा नगरपालिकाका सदस्यहरूमध्येबाट जि.शि.अ. द्वारा मनोनित सदस्य ३ जना ।

घ) स्रोतविद्यालयका प्र.अ. - पदेन सदस्य

ङ) समूह विद्यालयका प्र.अ. मध्येबाट मनोनित सदस्य २ जना ।

च) स्रोतव्यक्ति सदस्यसचिव

## २.२ अध्ययन क्षेत्रको परिचय

### २.२.१ अध्ययन क्षेत्रको पृष्ठभूमि

ऐतिहासिक धार्मिक तथा व्यापारिक स्थलको रूपमा परापूर्व कालदेखि परिचित रूपन्देही जिल्ला शैक्षिक हिसावले पनि अग्रस्थान मै रहेको छ । भगवान गौतम बुद्धको जन्मस्थलका रूपमा रहेको यो जिल्ला मणिमुकुन्द सेन, उजुर्सिह आदि ऐतिहासिक व्यक्तित्वहरूले योगदान गरेको स्थानका रूपमा पनि परिचित छ । जसरी पुरानो बटौली बजार रूपन्देही

जिल्लाको मात्र नभएर यस क्षेत्रदेखि धेरै टाढाटाढासम्मका मानिसहरूको व्यापारिक नाका बनेको थियो; ठीक त्यसैगरी अहिलेको बुटवल बजार पनि यातायात, व्यापार लगायत हरेक दृष्टिबाट धेरैजसो कुराहरूको केन्द्रका रूपमा रहँदैं आएको छ । चुरे पर्वत शृङ्खलाले उत्तरतिर सीमाबद्ध गरी रूपन्देही जिल्लालाई पाल्पा र अर्घाखाँची जिल्लाले अलग्याएको छ भने दक्षिणतिर यो जिल्लाले देशकै सीमा निर्धारण गरी छिमेकी मुलुक भारतसँगबाट अलग्याउने काम गरेको छ । त्यस्तै गरेर नवलपरासी जिल्लाले यस जिल्लालाई पूर्वबाट अलग्याएको छ भने कपिलवस्तु जिल्लाले पश्चिम सीमानाबाट सीमित गराएको छ ।

रूपन्देही जिल्लाको शैक्षिक इतिहासतिर दृष्टि दिँदा एकातिर यस जिल्लामा तल्लो तहदेखि उच्च तहसम्म अध्ययन गर्ने शैक्षिक संस्थाहरू रहेका छन् भने अर्कोतिर लुम्बिनी अञ्चलका सम्पूर्ण जिल्ला तथा राप्ती अञ्चलका केही जिल्लाहरूका विद्यालयहरूमा अध्यापन गराउने शिक्षकहरूलाई समेत तालिम दिने संस्था ‘शैक्षिक जनशक्ति विकास केन्द्रको’ शाखा ‘प्राथमिक शिक्षक तालिम केन्द्र’ पनि रहेको छ । यस संस्थाले विशेष गरेर प्राथमिक तहमा शिक्षण गर्ने शिक्षकहरूका लागि सेवाकालिन तालिम दिने काम गर्दै आइरहेको छ । यसका अतिरिक्त निम्न माध्यमिक तथा माध्यमिक तहका शिक्षकहरूका लागि तालिम दिन माध्यमिक शिक्षा विकास एकाइ (SEDU) को कार्यालय पनि यसै जिल्लामा रहेको छ । यसरी हेर्दा के देखिन्छ भने रूपन्देही जिल्ला हरेक दृष्टिकोणले यस क्षेत्रकै हरेक कुराहरूको केन्द्रका रूपमा रहेको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको अवधारणा अनुरूप रूपन्देही जिल्लामा रहेका सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाका विद्यालयहरूलाई समेट्ने गरी स्रोतकेन्द्रको स्थापना गरिएको छ । रूपन्देहीमा रहेका सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाहरूमा रहेका विद्यालयहरूलाई केन्द्रिकृत गर्दै दशवटा स्रोतकेन्द्रहरूमा आवद्ध गराइएको छ । यी स्रोतकेन्द्रहरूमध्ये पर्रोहा स्रोतकेन्द्र पाँचौं नम्बरमा अङ्कित छ ।

पूर्वपश्चिम राजमार्गको सेरोफेरोका गा.वि.स.हरूलाई समेट्ने गरी वि.सं. २०५६ मा स्थापना भएको यस स्रोतकेन्द्रले पाँचवटा गा.वि.स. (सालझण्डी, दुधराक्ष, पर्रोहा, सेमलार र ख.वनगाई) का सम्पूर्ण विद्यालयहरूको रेखदेख गर्ने गर्दछ ।

यो स्रोतकेन्द्र उत्तरमा पाल्पा जिल्लासम्म फैलिएको छ भने दक्षिणमा गजेडी, मान पकडी तथा सौ फर्साटिकर गा.वि.स. को सीमानासम्म पुगेको छ । त्यस्तैगरी यस स्रोतकेन्द्रलाई पूर्वमा बुटवल नगरपालिका र मोतिपुर गा.वि.स. ले अलग्याएका छन् भने पश्चिमतर्फ रूद्रपुर गा.वि.स.ले सीमा निर्धारण गर्ने काम गरेको छ ।

समग्रमा भन्नुपर्दा पर्रोहा स्रोतकेन्द्र रूपन्देही जिल्लाको प्रसिद्ध व्यापारिक शहर बुटवलदेखि पश्चिम क्षेत्रमा रहेका गा.वि.स. हरूका विद्यालयहरूलाई सङ्गठित गरी शैक्षिक कार्यक्रम लागू गर्ने हेतुले स्थापना गरिएको हो । यस स्रोतकेन्द्रले आफ्नो मातहतमा रहेका सम्पूर्ण विद्यालयहरूको अनुगमन गर्ने, अभिलेख राख्ने, परीक्षा सञ्चालन गर्ने, तालिम सञ्चालन गर्ने आदिजस्ता महत्वपूर्ण कार्यहरू गर्दछ ।

### २.२.२ **शैक्षिक स्थिति**

पर्रोहा स्रोतकेन्द्रमा निजी तथा सामुदायिक दुबै प्रकारका विद्यालयहरू रहेका छन् । तुलनात्मक रूपले हेर्दा यहाँ निजी विद्यालयको सङ्ख्या भन्दा सामुदायिक विद्यालयको सङ्ख्या धेरै छ । सङ्ख्यात्मक रूपले हेर्दा यस स्रोतकेन्द्रमा ३१ वटा सामुदायिक विद्यालयहरू रहेका छन् भने १४ वटा निजी विद्यालयहरू रहेका छन् । उच्च शिक्षातिर दृष्टि दिँदा यस क्षेत्रमा एउटा मात्र महाविद्यालय (सहिद नारायण पोखेल रामापुर क्याम्पस, दुधराक्ष) सामुदायिक क्याम्पसका रूपमा रहेको छ भने निजी तथा सामुदायिक गरी दुबै प्रकारका विद्यालयहरूमा दश जोड दुईका कक्षाहरू पनि सञ्चालनमा रहेका छन् । तथ्याङ्कगत रूपले हेर्दा यस क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूमध्ये ४ वटा विद्यालय (पर्रोहा

उ.मा.वि., रामापुर उ.मा.वि., नवरत्न उ.मा.वि. र पशुपति उ.मा.वि.) हरूमा उच्च माध्यमिक तहसम्मका कक्षाहरू सञ्चालनमा छन् । निजी स्तरबाट सञ्चालित विद्यालयहरूमध्ये दुईवटा विद्यालयहरू (प्रभात इङ्लिस बोर्डिङ स्कुल पर्रोहा र सुनगाभा पब्लिक स्कुल पर्रोहा) ले दश जोड दुईका कक्षाहरू सञ्चालन गर्दै आइरहेका छन् । यस स्रोतकेन्द्रले प्रकाशन गरेको २०६५ को शैक्षिक कार्ययोजना तालिकाअनुसार यस क्षेत्रमा कार्यरत शिक्षक विवरण यसप्रकार रहेको छ -

### २.२.२.१**शिक्षक विवरण**

| विद्यालयको किसिम | शिक्षक सङ्ख्या |
|---|---|
| सामुदायिक | ३१७ |
| संस्थागत | ३२५ |

### २.२.२.२ **विद्यार्थी विवरण**

जिल्ला शिक्षा कार्यालय रूपन्देहीले प्रकाशन गरेको 'शैक्षिक समाचार बुलेटिन २०६६' अनुसार यस क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूको विवरण यसप्रकार रहेको छ -

सामुदायिकतर्फ

| तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | ४७४७ | ४९५२ | ९६९९ |
| नि.मा.वि. | १९६५ | २०४८ | ४०१३ |
| मा.वि. | ९२४ | १०२२ | १९४६ |

संस्थागततर्फ

| तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | २८९७ | २१९६ | ५०९३ |
| नि.मा.वि. | ८६० | ६४१ | १५०४ |
| मा.वि. | ५५२ | ४१० | ९६२ |

### २.२.३ स्रोतकेन्द्रले गर्ने कार्यहरू

हरेक स्रोतकेन्द्रहरूले एकातिर आफ्ना सेवा क्षेत्रअन्तर्गत पर्ने विद्यालयहरूसँग सम्बन्धित शैक्षिक कार्यहरू सञ्चालन तथा अनुगमन गर्नेजस्ता कार्यहरू गर्दछ भने अर्कोतिर शिक्षा कार्यालयहरूसँग समन्वय गरी विद्यालयका क्रियाकलाप तथा समस्याहरूलाई शिक्षा कार्यालय समक्ष पुऱ्याउने कार्य पनि गर्दछ । यसरी हेर्दा हरेक स्रोतकेन्द्रले विद्यालय र शिक्षा कार्यालयका बीचमा सेतुको रूपमा रहेर भूमिका खेल्ने गर्दछ । पर्रोहा स्रोतकेन्द्रले पनि स्थापना कालदेखि आफ्नो क्षेत्रभित्रका विद्यालयहरूसँग सम्पर्क गर्ने, शिक्षा कार्यालयमा विद्यालयका शैक्षिक गतिविधि पुऱ्याउने, शिक्षा कार्यालयका नीति निर्देशन तथा सूचनाहरू विद्यालयमा पुऱ्याउने आदिजस्ता कार्यहरू गर्ने  गर्दछ ।

स्रोतकेन्द्र निर्धारण गरिएको विद्यालय परिसरमा एउटा सभाकक्षा (स्रोतकेन्द्र भवन) निर्माण गरिएको हुन्छ । यही भवनमा स्रोतकेन्द्र स्तरीय बैठक बस्ने, विभिन्न तालिमहरू, सेमिनार, गोष्ठीहरू, प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्नेजस्ता कार्यहरू गरिन्छन् । हरेक स्रोतकेन्द्रले शैक्षिक उन्नयनका लागि आफ्ना क्षेत्रमा गर्ने प्रमुख कार्यहरू निम्नानुसार रहेका छन् -

- विद्यालय सुधार योजना (School Improvement Plan SIP) को निर्माण
- विद्यालयको भौतिक पूर्वाधार सुधारमा सहयोग ।
- शैक्षिक विकासका लागि समुदाय परिचालन ।
- शैक्षिक जागरण कार्यक्रम सञ्चालन ।
- स्रोतकेन्द्र स्तरीय योजना तर्जुमा ।
- विद्यालय नक्साङ्कन कार्यक्रममा सहयोग ।
- शैक्षिक सूचना प्रवाह ।
- शैक्षिक गुणस्तर अभिवृद्धि ।
- शैक्षिक अनुगमन तथा सुपरीवेक्षण ।
- दुरशिक्षा पद्धतिको तालिम केन्द्र ।

- नयाँ विकसित परिमार्जित पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन ।
- स्रोतकेन्द्र स्तरीय परीक्षा प्रणालीको व्यवस्थापन ।
- शिक्षा कार्यालय र समूह विद्यालय बीचमा समन्वय स्थापना ।
- निरन्तर मूल्याङ्कन कार्यक्रम सञ्चालन ।
- स्रोतकेन्द स्तरीय शैक्षिक क्यालेण्डर तथा वार्षिक कार्य योजना निर्माण ।
- स्रोतकेन्द्र स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन आदि ।

अतः सङ्क्षेपमा भन्नुपर्दा हरेक स्रोतकेन्द्रले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनजस्ता सम्पूर्ण क्रियाकलापहरूको सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । यसले शैक्षिक स्तर वृद्धि गर्नका लागि विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेशागत विकास, विभिन्न प्रकारका प्रतियोगितात्मक कार्यक्रमहरूको सञ्चालन, शैक्षिक तथा भौतिक पूर्वाधारहरूको तयारी, समुदाय परिचालन, विद्यालय व्यवस्थापन, शैक्षिक जागरण आदिजस्ता विद्यालय क्षेत्रको विकाससँग सम्बद्ध क्रियाकलापहरूको सञ्चालन, व्यवस्थापन, निरीक्षण, अनुगमन एवम् सुपरीवेक्षणजस्ता महत्वपूर्ण कार्यहरू गर्दछ ।

## २.२.४ स्रोतकेन्द्र स्तरीय परीक्षा समितिको परिचय

हरेक स्रोतकेन्द्रले आफ्ना समूह विद्यालयहरूमा परीक्षा लिनका लागि परीक्षा समितिको गठन गर्ने गर्दछ । यसरी गठित परीक्षा समितिले समूह विद्यालयहरूबाट प्रश्नहरू जम्मा गर्ने, प्रश्न बैंङ्कका रूपमा राख्ने, प्रश्नहरू छनोट गर्ने, स्रोतकेन्द्रभरिका विद्यालयहरूलाई प्रश्नपत्र वितरण गर्ने आदिजस्ता कार्यहरू गर्दछ । स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन, अनुगमन तथा निरीक्षण गर्ने उद्देश्यले गठन गरिने परीक्षा समितिले कक्षा ८ को जिल्ला स्तरीय परीक्षाबाहेक अन्य सम्पूर्ण कक्षाका परीक्षाका लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्दछ । हरेक स्रोतकेन्द्रले प्रत्येक शैक्षिक वर्षका लागि कार्ययोजना तयार गरेको हुन्छ । यसरी तयार गरिएको वार्षिक कार्ययोजनामा उल्लेख गरिएको समयावधिका आधारमा प्रथम त्रैमासिक,

अर्धवार्षिक तथा वार्षिक परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू गर्दछ । यसरी परीक्षा सम्बन्धी तोकिएको कार्य गर्नका लागि स्रोतकेन्द्रहरूले परीक्षा समिति गठन गर्ने प्रावधान रहेअनुरूप पर्रोहा स्रोतकेन्द्रले पनि स्रोतकेन्द्रभरिका विद्यालयहरूमा परीक्षा लिनका लागि प्रश्न निर्माण गर्ने, परीक्षा समय तालिका निर्धारण गर्ने, परीक्षा शुल्क निर्धारण गर्ने आदिजस्ता कार्यहरू गर्न स्रोतकेन्द्र स्तरीय एक परीक्षा समिति गठन गरेको छ ।

यसरी स्रोतकेन्द्रले गठन गर्ने परीक्षा समिति ७ सदस्यीय रहन्छ जसको प्रमुखमा स्रोतकेन्द्रका प्र.अ. रहने व्यवस्था छ । परीक्षा समितिका अन्य पदाधिकारीहरूका रूपमा विद्यालयमा लामो अवधिसम्म सेवा गर्नुभएका प्रधानाध्यापक तथा शिक्षकहरू रहने व्यवस्था रहेको छ । यस स्रोतकेन्द्रमा हाल कार्यरत रहनुभएका परीक्षा समितिका पदाधिकारीहरूको विवरण यसप्रकार रहेको छ -

| क्र.सं. | पदाधिकारीको नाम | कार्यरत विद्यालय | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | वलबहादुर के.सी. | श्री पर्रोहा उच्च मा.वि., पर्रोहा | वि.एससी/बी.एड | प्राचार्य |
| २ | लालु उपाध्याय | श्री शुद्धोधन प्रा.वि. पर्रोहा | वी.एड | प्र.अ. |
| ३ | गोविन्दप्रसाद पौडेल | श्री वनगाई मा.वि. खड्वा वनगाई | वी.एड. | प्र.अ. |
| ४ | गणेशकुमार खनाल | श्री मल्मलादेवी प्रस्तावित मा.वि., दुधराक्ष | आइ.ए. | प्र.अ. |
| ५ | नारायणप्रसाद गौतम | श्री सैनामैना मा.वि., पर्रोहा | वी.एड. | प्र.अ. |
| ६ | रूद्रप्रसाद शर्मा (पौडेल) | श्री दुर्गा भवानी मा.वि. पर्रोहा | वी.एड. | प्र.अ. |
| ७ | अर्जुनप्रसाद पोखेल | श्री जनकल्याण मा.वि. दुधराक्ष | एम.एड./वी.कम. | प्र.अ. |

### २.२.५ स्रोतकेन्द्र स्तरीय परीक्षा प्रणाली

स्रोतकेन्द्रअन्तर्गत रहेका विद्यालयहरूको परीक्षा प्रणालीमा एकरूपता कायम गर्ने हेतुले हरेक स्रोतकेन्द्रमा स्रोतकेन्द स्तरीय

परीक्षा समिति गठन हुने गर्दछ । यसरी गठन गरिएको परीक्षा समितिले स्रोतकेन्द्रअन्तर्गतका सम्पूर्ण विद्यालयका प्र.अ. हरूको भेला गरी स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूमा परीक्षा सञ्चालन गर्नका लागि आवश्यक परामर्श लिने गर्दछ । यसरी स्रोतकेन्द्रअन्तर्गत रहेका सम्पूर्ण विद्यालयका प्र.अ. हरूबाट आवश्यक परामर्श लिएपछि परीक्षा समितिले परीक्षा सम्बन्धी कार्यक्रम निर्धारण गर्दछ । यसका लागि परीक्षा समितिको आवश्यकताअनुसार बैठक बसेर परीक्षा सम्बन्धी कार्यक्रमहरू तय गरिन्छ । परीक्षा समितिको स्रोतकेन्द्र स्तरीय बैठकमा खासगरी कुन-कुन तहका कुन-कुन कक्षाहरूमा लिखित, मौखिक अथवा प्रयोगात्मक केकस्ता परीक्षाहरू लिने भन्ने सम्बन्धमा छलफल हुने गर्दछ । यस स्रोतकेन्द्रमा पनि हरेक महिनाको ७ गते स्रोतकेन्द्रका प्राचार्य श्री वलवहादुर के.सी. को अध्यक्षतामा स्रोतकेन्द्रभरिका सम्पूर्ण प्र.अ. हरूको वैठक बसी विविध विषयमा छलफल गरी निर्णय गरिन्छ ।

परोंहा स्रोतकेन्द्रले वर्षमा तीन पटक स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन गर्ने गर्दछ । यो स्रोतकेन्द्रले परीक्षा सञ्चालन गर्दा विशेष गरेर स्रोतकेन्द्रले निर्माण गर्ने वार्षिक शैक्षिक क्यालेन्डरलाई आधार मान्ने गर्दछ । यस स्रोतकेन्द्रले निर्माण गरेका 'स्रोतकेन्द्र स्तरीय वार्षिक शैक्षिक कार्ययोजना २०६५' मा परीक्षा सम्बन्धी कार्यक्रम यसप्रकार उल्लेख गरिएको थियो ।

- भाद्र २३ देखि ३१ सम्म प्रथम त्रैमासिक परीक्षा सञ्चालन गर्ने ।
- आश्विन ५ गते प्रथम त्रैमासिक परीक्षाको परीक्षाफल प्रकाशन एवम् विश्लेषण गर्ने ।
- पौष १६ देखि २४ सम्म अर्धवार्षिक परीक्षा सञ्चालन गर्ने ।
- माघ २ गते परीक्षाफल प्रकाशन र विश्लेषण गर्ने ।
- चैत्र १० गतेदेखि १८ गतेसम्म वार्षिक परीक्षा सञ्चालन गर्ने ।
- चैत्र २९ गते नतिजा प्रकाशन तथा प्रगति विवरण वितरण गर्ने ।

यसप्रकार परोंहा स्रोतकेन्द्रले वर्षभरिमा लिने सम्पूर्ण परीक्षाका बारेमा अग्रिम रूपमा समय निर्धारण गर्ने गर्दछ । यो स्रोतकेन्द्रले हरेक पटकको परीक्षासम्म अध्यापन गराउनुपर्ने हरेक विषयका पाठहरूका बारेमा पनि

पूर्वयोजना बनाउने गर्दछ । यस स्रोतकेन्द्रले २०६५ सालमा त्रैमासिक तथा अर्धवार्षिक परीक्षा सञ्चालन हुनुपूर्व अध्यापन गराउनुपर्ने प्रा.वि. तहको नेपाली विषयको पाठहरू यसप्रकार तोकेको थियो -

| कक्षा | पाठ | परीक्षाको किसिम | पाठ | परीक्षाको किसिम |
|---|---|---|---|---|
| १ | पाठ १ देखि पाठ १२ सम्म | त्रैमासिक | पाठ १३ देखि पाठ २७ सम्म | अर्धवार्षिक |
| २ | पाठ १ देखि पाठ ६ सम्म | त्रैमासिक | पाठ ७ देखि पाठ १४ सम | अर्धवार्षिक |
| ३ | पाठ १ दखि पाठ ६ सम्म | त्रैमासिक | पाठ ७ देखि पाठ १३ सम्म | अर्धवार्षिक |
| ४ | पाठ १ देखि पाठ ६ सम्म | त्रैमासिक | पाठ ७ देखि पाठ १२ सम्म | अर्धवार्षिक |
| ५ | पाठ १ देखि पाठ ७ सम्म | त्रैमासिक | पाठ ८ देखि पाठ १५ सम्म | अर्धवार्षिक |

यसरी स्रोतकेन्द्रले तय गरेको वार्षिक अध्यापन योजनाअनुरूप प्रत्येक विद्यालयले सबै विषय शिक्षकहरूलाई जानकारी गराएको थियो भने स्रोतकेन्द्र स्तरीय परीक्षा समितिले पनि उक्त योजनालाई आधार मानी तोकिएको पाठसम्मबाट प्रश्न निर्माण गर्ने कार्य गरेको थियो । वार्षिक परीक्षाको हकमा प्रत्येक विद्यालयले सम्पूर्ण पाठ अनिवार्य रूपमा सिध्याइ सक्नुपर्ने हुन्छ । स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूले लिने त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको उत्तरपुस्तिका सम्बन्धित विद्यालयका विषय शिक्षकहरूले नै परीक्षण गरेका थिए ।

# तेस्रो परिच्छेद

## भाषिक मूल्याङ्कन र यसका साधनहरूको परिचय

### ३. भाषिक मूल्याङ्कन

### ३.१ भाषिक मूल्याङ्कनको परिचय

मूल्याङ्कन कुनै पनि कुराको मूल्य निर्धारण गर्ने एउटा प्रक्रिया हो । मूल्याङ्कनबिना कुनै पनि कामको लेखाजोखा गर्न सकिंदैन । मूल्याङ्कन समग्र कार्यक्रमको एउटा महत्वपूर्ण अङ्ग हो । अन्य क्षेत्रमा जस्तै भाषाशिक्षणको क्रममा पनि मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मूल्याङ्कन बिनाको भाषाशिक्षण कदापि पूरा हुन सक्दैन । अर्को शब्दमा भन्ने हो भने भाषिक मूल्याङ्कन भाषाशिक्षणको एक अनिवार्य तत्व हो । भाषिक मूल्याङ्कनले विद्यार्थीहरूको भाषिक सीप परीक्षण गर्ने गर्दछ । त्यसैले मूल्याङ्कनलाई विद्यार्थीहरूको भाषिक क्षमता, स्तर आदि जाँच्न उपयोगमा ल्याउने गरिन्छ । विद्यार्थीहरू पनि मूल्याङ्कन परिणामबाट आफ्नो सफलता तथा असफलताका बारेमा जानकारी हासिल गर्दछन् । यसले उनीहरूमा हौसला तथा सचेतता बढाउने गर्दछ । भाषिक मूल्याङ्कन केवल भाषाशिक्षक तथा विद्यार्थी वर्गमा मात्र सीमित रहँदैन । यसको क्षेत्र भाषापाठ्यक्रम निर्माता, भाषाविज्ञ तथा शिक्षा विद्हरूसम्म फैलिएको छ । भाषा मूल्याङ्कनले एकातिर भाषा पाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ भने अर्कोतिर भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) पक्ष तथा भाषा तात्विक पक्षका सान्दर्भिकता, सरल वा जटिलता, प्रयोजन परकता आदिका बारेमा निर्णय लिने आधार पनि प्रदान गर्दछ । यति मात्रै नभएर यसले विद्यार्थीहरूको रुचि, क्षमता, स्तरअनुरूपता, पाठ्यांश, शिक्षण विधि, शिक्षण साधन आदिको उचित तथा अनुचित प्रयोगका बारेमा पनि जानकारी दिने गर्दछ ।

शिक्षक, भाषाविज्ञ, विद्यार्थी, पाठ्यक्रम निर्माता, शिक्षा विद् आदि व्यक्तिहरूमा आवश्यक परिवर्तन, सुधार वा परिमार्जन गर्नका लागि

भाषिक मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । हरेक तहका विद्यार्थीहरू सबै एकै स्तर वा क्षमताका हुँदैनन् । उनीहरूको वास्तविक समस्या पहिल्याउन भाषिक मूल्याङ्कनले सहयोग गर्दछ । प्राथमिक तहमा भाषिक मूल्याङ्कनको भूमिका अझ बढी रहने गर्दछ । यस तहका विद्यार्थीहरूले प्रारम्भिक चरणमा स्तरीय रूपका भाषा सिक्दै गरेका हुन्छन् । यो अवस्थामा एकातिर विविध मातृभाषी विद्यार्थीहरू हुन सक्छन् भने अर्कोतिर भाषाको स्तरीय रूपमो प्रयोग नगर्ने विद्यार्थीहरू पनि हुन सक्छन् । यस्तो विविध परिवेशमा भाषिक मूल्याङ्कनबिनाको भाषाशिक्षण अकल्पनीय हुन्छ ।

## ३.२ भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

भाषा विषयको मूल्याङ्कन गर्नु अन्य विषयको मूल्याङ्कन गर्नु भन्दा धेरै कठिन हुन्छ । भाषाशिक्षण गर्दा भाषिक सीप, भाषातत्व, व्याकरण आदिमध्ये के-के शिक्षण गरिएको हो सोही कुरामा सोही अनुरूपले विचार पुऱ्याइ मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भाषिक मूल्याङ्कनको सिद्धान्तले हामीलाई भाषाको उचित मूल्याङ्कनप्रति सधै सजग गराउँछ । अतः भाषिक मूल्याङ्कनका केही महत्वपूर्ण सिद्धान्तहरू यसप्रकार रहेका छन् -

### ३.२.१ एकपटकमा एउटा कुराको परीक्षण

भाषाको परीक्षण गर्दा एक पटकमा धेरै कुराको परीक्षण गर्नु सम्भव हुँदैन । एउटा युक्ति वा साधनको प्रयोग गरेर केवल एक कुराको मात्र परीक्षण गर्नुपर्ने हुन्छ । एउटै युक्ति र साधनले एक भन्दा बढी भाषिक सीप तथा तत् सम्बन्धित पक्षको परीक्षण गर्न खोज्दा परीक्षण गर्न खोजिएको वास्तविक कुराको परीक्षण नभई परीक्षणको वैधतामाथि नै प्रश्न उठ्न सक्छ । अतः सर्वप्रथम परीक्षकले परीक्षण गर्न चाहेको खास सीप, भाषातत्व वा व्याकरण पक्षमध्ये कुनै एकको छनोट गरिसकेपछि मात्र अन्य कुरामा लाग्नुपर्दछ ।

### ३.२.२ **परीक्षणीय वस्तु र युक्तिबीच सह–सम्बन्ध**

परीक्षणीय वस्तु र युक्ति वा साधनका बीचमा तालमेल अथवा सङ्गति हुनु आवश्यक हुन्छ । यदि यी दुईका बीचमा सङ्गति भएन भने परीक्षण प्रयोग विहिन तथा अविश्वसनीय बन्न जान्छ । परीक्षणीय वस्तुअनुरूप युक्ति तथा साधनको छनोट गरी एक आपसमा संयोजन हुनुपर्दछ । जुनकुराको परीक्षण गर्न खोजिएको हो सो मात्र परीक्षण गर्ने अपेक्षा राखिनु वा युक्तिबाट अर्को पक्ष जाँचिने स्थिति हुनुलाई परीक्षण सम्बन्धी असङ्गति रहेको मान्न सकिन्छ । अतः हरेक भाषा शिक्षकले परीक्षणीय वस्तु र युक्तिका बीचमा सह-सम्बन्ध छ वा छैन भन्ने कुरामा सधै विचार पु¥याउनु पर्दछ ।

### ३.२.३ **परीक्षणका लागि पूर्वयोजना**

योजनाबिना कुनै कार्य पनि सफल र प्रभावकारी हुन सक्दैन । त्यसैले कुनै पनि कार्यको शुभारम्भ हुनुपूर्व त्यस कार्यलाई सम्पन्न गर्न र परिणाममुखी बनाउन आवश्यक सम्पूर्ण तयारी गर्नुपर्दछ । यसरी पूर्वतयारी गरियो भने परीक्षकलाई परीक्षण गर्न सजिलो हुनुका साथै वैधता पनि कायम हुनसक्छ । परीक्षणका लागि पूर्वयोजना बनाउँदा विशेष गरेर परीक्षाको समय, अङ्कभार, उपयुक्त हुने युक्तिहरू लगायतका परीक्षण सम्बद्ध हरेक कुराहरूको पूर्वयोजना बनाउनु आवश्यक हुन्छ ।

### ३.२.४ **उद्देश्यअनुरूपता**

भाषा पाठ्यक्रमका निर्धारित उद्देश्य र मूल्याङ्कनबीच आवश्यक तालमेल हुनुपर्दछ । उद्देश्यअनुरूपको परीक्षण नभएमा परीक्षण गर्नुको कुनै अर्थ रहँदैन । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूलाई आधार मानी सोहीअनुरूपले मूल्याङ्कन गर्नुपर्दछ । यस क्रममा कक्षाको स्तरलाई ख्याल राखी मूल्याङ्कनका साधनहरूको निर्धारण गर्नुपर्ने हुन्छ । यस अर्थमा उद्देश्यअनुरूपतालाई पनि भाषिक मूल्याङ्कनको सिद्धान्तका रूपमा लिने गरिएको हो ।

### ३.२.५ भाषातत्व र भाषिक सीपको परीक्षण

भाषामा भाषिक सीपका अतिरिक्त भाषातत्वहरू पनि एकीकृत भएर आउने गर्दछन् । भाषिक सीप र भाषातत्व अलग-अलग विषय हुन् । यिनीहरूलाई छुट्टाछुट्टै रूपबाट पनि परीक्षण गर्न सकिन्छ । तरपनि त्यसरी गरिने परीक्षण केवल पहिचानात्मक किसिमको मात्र हुने हुँदा भाषातत्वलाई पनि भाषिक सीपमै सम्बद्ध गराएर एकीकृत रूपमा परीक्षण गर्दा प्रभावकारी र सरल हुने गर्दछ । यसर्थ परीक्षकले भाषिक मूल्याङ्कनका सिद्धान्तलाई अवलम्वन गर्नु वाञ्छनीय हुने हुँदा भाषातत्वलाई पनि भाषिक सीपमै आवद्ध गराएर एकीकृत रूपमा परीक्षण गर्दा बढी प्रभावकारी तथा सरल हुने गर्दछ । त्यसैले भाषिक मूल्याङ्कनको सिद्धान्तले एकल किसिमको मूल्याङ्कनलाई भन्दा एकीकृत किसिमको मूल्याङ्कनलाई प्राथमिकता दिने गर्दछ ।

### ३.२.६ परीक्षणीय वस्तुको छनोट

भाषाशिक्षण गरिसकेपछि उद्देश्य पूरा भयो कि भएन भनेर हेर्न मूल्याङ्कन गर्नुपर्दछ । हामीले शिक्षण गरेको कुराको परीक्षण गर्नका लागि परीक्षणीय वस्तुको छनोट गर्नुपर्दछ । भाषा शिक्षकले भाषिक मूल्याङ्कन गर्दा भाषिक सीपका अतिरिक्त भाषासँग सम्बन्धित शब्दभण्डार, व्याकरण आदिजस्ता पक्षहरूको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । ठीक किसिमबाट परीक्षणीय वस्तुको छनोट हुन नसकेमा अपेक्षित उद्देश्यहरू हासिल गर्न कठिन हुन्छ । यस अर्थमा परीक्षणीय वस्तुको छनोटलाई पनि भाषिक मूल्याङ्कनको सिद्धान्तका रूपमा लिने गरिएको हो ।

## ३.३ भाषिक मूल्याङ्कनका प्रकारहरू

भाषाशिक्षणको अन्तिम पाटो भाषिक मूल्याङ्कन हो । भाषिक मूल्याङ्कनबाट एकातिर शिक्षकलाई आफूले गरेको शिक्षण कार्यका बारेमा जानकारी हुन्छ भने अर्कोतिर विद्यार्थीहरूमा भएको प्रगतिका बारेमा पनि जानकारी हुन्छ । भाषा पक्षको मूल्याङ्कन नै भाषिक मूल्याङ्कन हो त्यसैले यदि हामीले जुनसुकै तरिकाले पनि भाषा सम्बद्ध पक्षको मूल्याङ्कन गऱ्यौं

भने त्यो भाषिक मूल्याङ्कन हुन्छ । भाषिक मूल्याङ्कनका केही प्रचलित प्रकारहरू निम्नानुसार रहेका छन् -

### ३.३.१ सामयिक र औपचारिक मूल्याङ्कन

कुनै निर्धारित समयको अन्तरालमा गरिने मूल्याङ्कनलाई सामयिक मूल्याङ्कन भनिन्छ । सामयिक मूल्याङ्कनलाई आवधिक मूल्याङ्कन पनि भन्ने गरिन्छ । कुनै खास कक्षाको सुरु, बीच वा अन्त्यमा पूर्वयोजनाका आधारमा गरिने मूल्याङ्कन नै सामयिक वा औपचारिक मूल्याङ्कन हो । यो मूल्याङ्कनले विद्यार्थीहरूको प्रगति विवरणका बारेमा जानकारी गराउँछ ।

### ३.३.२ विषयगत र वस्तुगत मूल्याङ्कन

विद्यार्थीहरूलाई लिइने मूल्याङ्कन उत्पादनात्मक तथा पहिचानात्मक प्रकृतिका हुन्छन् अर्थात कतिपय प्रश्नका उत्तर विद्यार्थीहरूले आफ्नै भाषामा लेख्नुपर्ने हुन्छ भने कतिपय प्रश्नका उत्तरहरू दिइएका उत्तरहरूमध्येबाट छनोट गर्नुपर्ने हुन्छ । यसरी हेर्दा मूल्याङ्कनलाई पनि दुई वर्गमा विभाजन गर्न सकिन्छ त्यो हो विषयगत मूल्याङ्कन र वस्तुगत मूल्याङ्कन । विषयगत तथा वस्तुगत दुबै खाले मूल्याङ्कनको माध्यम मौखिक अथवा लिखित दुबै प्रकारको हुन सक्छ । वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् भने विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् ।

### ३.३.३ निरन्तर र अनौपचारिक मूल्याङ्कन

निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनलाई दुई भागमा वर्गीकरण गर्ने गरिन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीहरूमा भएका कमीकमजोरी हटाइ प्रगति गर्ने मौका प्रदान गर्दछ भने निर्णयात्मक मूल्याङ्कनले अन्तिम निर्णय दिने काम गर्दछ । यसरी हेर्दा के देखिन्छ भने निर्माणात्मक मूल्याङ्कन निरन्तर तथा अनौपचारिक प्रकृतिको हुन्छ । विद्यार्थीहरूलाई कक्षा कार्य गराउने, गृहकार्य दिने, एकाइ परीक्षा लिने, अन्तरक्रिया गराउने आदि प्रक्रिया अपनाएर निरन्तर तथा अनौपचारिक मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.३.४ एकलवद्ध र समग्रवद्ध मूल्याङ्कन

भाषाको मूल्याङ्कन गर्दा विभिन्न तरिका अपनाउन सकिन्छ । एक पटकमा भाषाका विविध पक्षको समग्र रूपमा मूल्याङ्कन गरेर अथवा अलग-अलग रूपबाट मूल्याङ्कन गरेर । यी मध्ये पृथक् रूपबाट अर्थात छुट्टाछुट्टै रूपबाट गरिने मूल्याङ्कन एकलवद्ध मूल्याङ्कन हो जसलाई आंशिक वा पृथकीकृत मूल्याङ्कन पनि भन्ने गरिन्छ । त्यस्तै गरेर भाषाका विविध सीपहरूको एकीकृत रूपबाट गरिने मूल्याङ्कन समग्रतावद्ध मूल्याङ्कन हो । भाषाका सीपहरू एकअर्कोसँग अन्तर सम्बन्धित हुनेहुँदा समग्रतावद्ध मूल्याङ्कनको प्रयोग सान्दर्भिक भएको हो ।

### ३.३.५ उपलब्धि र दक्षतापरक मूल्याङ्कन

विद्यार्थीहरूले सिकेका कुराको उपलब्धि मापन गर्न उपलब्धिमूलक मूल्याङ्कनको आवश्यकता पर्दछ । उपलब्धिमूलक मूल्याङ्कन निर्णयात्मक प्रकृतिको हुन्छ । यो मूल्याङ्कनले विद्यार्थीमाझ राखेका उपलब्धिहरू के-केति हदसम्म पूरा भए भन्ने कुराको जानकारी दिन्छ । यसका अतिरिक्त यो मूल्याङ्कनले विद्यार्थीहरूको स्तर निर्धारण गर्नसमेत मद्दत गर्दछ । विद्यार्थीको दक्षता, योग्यता पत्ता लगाउन र उसलाई श्रेणी विभाजन गर्न यसप्रकारको मूल्याङ्कन उपयोगी हुन्छ ।

### ३.३.६ अभिक्षमता र निदानात्मक मूल्याङ्कन

मातृभाषेत्तर विद्यार्थीहरूको पूर्व भाषिक क्षमता पत्ता लगाउन अभिक्षमतात्मक मूल्याङ्कनले सहयोग गर्दछ । कुनै पनि दोस्रो भाषा सिकाइमा विद्यार्थीहरूको रुचि के-कस्तो छ, उनीहरूमा उक्त भाषा सिक्ने क्षमता छ कि छैन, आदि कुरामा जानकारी प्राप्त गर्न अभिक्षमतात्मक मूल्याङ्कनले सहयोग गर्दछ । निदानको अर्थ उपचार हो । सिकाइका क्रममा विद्यार्थीहरूमा कहाँ के-कति कारणले अवरोध सिर्जना भयो र त्यसलाई के कसरी हटाउन सकिन्छ आदि कुराको जानकारी निदानात्मक मूल्याङ्कनले दिने गर्दछ । निर्माणात्मक मूल्याङ्कनबाट पनि विद्यार्थीहरूमा

सुधार नभएको अवस्थामा निदानात्मक मूल्याङ्कनको प्रयोग बढी सान्दर्भिक हुन्छ ।

### ३.३.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन

कुनै पनि विषयमा प्रवेश गराउनुपूर्व उसमा भएको पूर्वज्ञानको मूल्याङ्कन गर्नु प्रवेश मूल्याङ्कन हो । प्रवेश मूल्याङ्कनले विद्यार्थीहरूको अध्ययन क्षमताको पूर्ण मापन गर्दछ । भर्ना गर्नुपूर्व विभिन्न किसिमका प्रवेश परीक्षाहरू लिनु प्रवेश मूल्याङ्कनको उदाहरण हो । यसले व्यक्तिलाई सहभागी गराउने या नगराउने भनी निर्णय लिन सहयोग गर्दछ । स्थान निर्धारण मूल्याङ्कनले विद्यार्थीहरूको समूह विभाजनमा सहयोग पुऱ्याउँछ । यसले उनीहरूको औकातका बारेमा जानकारी गराउँछ । नव प्रवेशीहरूको स्थान पत्ता लगाइ उनीहरूलाई जानकारी दिन स्थान निर्धारण मूल्याङ्कनको प्रयोग गरिन्छ ।

## ३.४ भाषिक मूल्याङ्कनका लागि प्रश्न निर्माणका चरणहरू

अन्य विषयको मूल्याङ्कन गर्दाभन्दा भाषाको मूल्याङ्कन गर्दा बढी विचार पुऱ्याउनु पर्ने भएकाले भाषिक मूल्याङ्कनका लागि प्रश्न निर्माण गर्दा पनि अन्य विषयको प्रश्न निर्माण गर्दाभन्दा बढी ध्यान केन्द्रित गर्नुपर्दछ । मूल्याङ्कनका लागि तयार गरिने युक्तिहरू पाठ्यक्रमको उद्देश्य अनुरूपको नभएमा सही मूल्याङ्कन हुन सक्दैन । भाषिक मूल्याङ्कन अनौपचारिक वा औपचारिक जे जस्तो भएपनि सोको मूल्याङ्कनीय आधार परीक्षणीय प्रश्नहरू नै हुन् । नेपाली भाषालाई शिक्षण गर्ने क्रमदेखि लिएर प्रश्न निर्माण तथा उत्तर परीक्षण गर्दासम्म हल्का तवरले सोच्ने परम्परा रहँदै आएको छ । भाषाशिक्षण गराउनुका पछाडि विविध उद्देश्यहरू रहेका हुन्छन् । त्यसैले सोचविचार नै नगरी हतारमा भाषाका प्रश्नहरू निर्माण गर्नाले लक्षित उद्देश्य पूरा हुन  सक्दैन । अतः भाषिक मूल्याङ्कन गर्नुपूर्व निर्धारित चरणहरूलाई क्रमिक रूपमा पूरा गरी सोही आधारमा ततपश्चात् मात्र प्रश्न निर्माण गर्नुपर्दछ । भाषिक मूल्याङ्कनका लागि अवलम्बन गर्नुपर्ने निर्धारित चरणहरू यसप्रकार छन् -

### ३.४.१ प्रश्नयोजना

कुनै पनि कार्यलाई व्यवस्थित तवरले सम्पन्न गर्नुपूर्व योजना निर्माण गर्नुपर्दछ सोहीअनुसार भाषिक मूल्याङ्कनका लागि निर्माण गरिने प्रश्नहरूका सम्बन्धमा सर्वप्रथम योजना तयार पार्नुपर्ने हुन्छ । प्रश्नयोजनाअन्तर्गत परीक्षणीय उद्देश्य पर्दछ । निर्माण गर्न लागिएको प्रश्नहरू कुन तहको कति कक्षाका लागि हो भन्ने कुराको सर्वप्रथम योजना एकीकृत गर्नुपर्दछ । त्यसपछि भाषाका के-कस्ता कुराहरूको परीक्षण गर्ने हो र पाठ्यक्रमले के-कस्ता उद्देश्य तथा मूल्याङ्कन योजना तय गरेको छ आदि कुराहरूका बारेमा उपयुक्त विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरू निर्धारण गरिनुपर्दछ । यसरी उद्देश्य निर्धारण गर्दा प्रश्नका प्रकृति विश्वसनीयता तथा वैधता, मापनीयता, स्तरीयता आदिजस्ता मूल्याङ्कनात्मक गुणहरूलाई विचार गरी परीक्षणीय उद्देश्यको तय गरिनुपर्दछ ।

### ३.४.२ विशिष्टीकरण तालिकाको प्रयोग

विद्यार्थीहरूको भाषिक मूल्याङ्कन गर्नका लागि लिइने परीक्षा विश्वसनीय तथा वैध हुनुपर्दछ । यसका लागि प्रश्न निर्माण, छनोट आदि प्रक्रिया सिलसिलाबद्ध हुनु जरुरी हुन्छ । उद्देश्यका तीन तहहरू ज्ञान, बोध र सीप (संज्ञानी, प्रभावी र मनोक्रियात्मक) पक्षको निर्धारण गरी सोहीअनुरूप प्रत्येक पाठलाई विभाजन गरी तयार गरिएको तालिकालाई विशिष्टीकरण तालिका भनिन्छ । यो तालिकाले प्रश्न निर्मातालाई प्रश्ननिर्माण गर्न मार्ग निर्देश गर्दछ । विशिष्टीकरण तालिकामा कुन एकाइबाट कुन तहका प्रश्नहरू छनोट गर्ने भन्ने कुराको निर्धारण गरिएको हुन्छ । भाषिक मूल्याङ्कनका लागि प्रश्न निर्माण गर्दा पनि विशिष्टीकरण तालिकालाई आधार मानि तालिकाले निर्दिष्ट गरेका उद्देश्यका तहहरूमा आधारित प्रश्नहरू, जम्मा प्रश्न सङ्ख्या, उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या, अङ्कभार प्रश्नका किसिम, समय आदिलाई ख्याल गरी सोहीअनुरूपले प्रश्न निर्माण गर्नुपर्दछ । प्रश्न निर्मातालाई प्रश्न

निर्माणको चरणमा विशिष्टीकरण तालिकाले निम्नकुरामा सहयोग पुऱ्याउने हुँदा प्रश्न निर्माणको चरणमा यसको उपयोग अनिवार्य हुन्छ ।

- जम्मा प्रश्न सङ्ख्या
- जम्मा अङ्क भार
- परीक्षामा समावेश गरिने पाठ्यवस्तुको चित्र
- सिकाइ परिणाम र उद्देश्यका तहअनुरूपको प्रश्न विभाजन
- प्रश्नका प्रकारहरू
- प्रश्नको अङ्कभार आदि ।

### ३.४.३ उपयुक्त प्रश्नहरूको छनोट

विशिष्टीकरण तालिकाका आधारबाट भाषिक विषयको परीक्षा लिइने प्रश्नहरूको छनोट गर्नुपर्दछ । यस क्रममा विषयगत प्रश्नका प्रकारहरू, वस्तुगत प्रश्नका प्रकारहरू, प्रश्नसङ्ख्या, प्रश्नको स्तर, प्रश्नको प्रकृति आदि कुराहरूलाई ख्याल गर्नुपर्ने हुन्छ । प्रश्नहरूको छनोट ठीक किसिमबाट गर्न सकिएन भने एकातिर सही मूल्याङ्कन हुन सक्दैन भने अर्कोतिर शिक्षण उद्देश्य पूरा हुन सक्दैन । प्रश्नहरू उच्च, मध्यम तथा सामान्य सबै खालका भएमा मात्र व्यक्तिगत दक्षता पत्ता लगाउन सकिन्छ । उपयुक्त प्रश्नहरूको छनोटबिना भाषिक मूल्याङ्कन हुन नसक्ने हुनाले यसलाई पनि प्रश्न निर्माणको चरणका रूपमा लिने गरिएको हो । उपयुक्त प्रश्नहरूको छनोट गर्दा निम्न कार्यहरू गर्नुपर्दछ -

- प्रश्नहरूका किसिम निर्धारण गर्ने ।
- प्रश्नहरूको सङ्ख्या निर्धारण गर्ने ।
- प्रश्नको स्तर निर्धारण गर्ने आदि

यी माथिका कार्यहरू गर्नुपूर्व विशिष्टीकरण तालिका अध्ययन गर्नु अनिवार्य हुन्छ । विशिष्टीकरण तालिकाले निर्दिष्ट गरेका आधारहरू लिएर उपयुक्त हुने खालका प्रश्नहरूको छनोट गर्नुपर्दछ ।

### ३.४.४ उपयुक्त प्रश्नहरूको तयारी तथा लेखन

प्रश्न निर्माणको चरणको पहिलो काम प्रश्नका लागि योजना तर्जुमा गर्नु अर्थात उद्देश्य निर्धारण गर्नु हो भने दोस्रो काम विशिष्टीकरण तालिकाको प्रयोग अर्थात अध्ययन गर्नु हो । यी दुई चरणका कार्यहरू पूरा गरिसकेपछि तेस्रो कार्य वा चरणमा विशिष्टीकरण तालिकाको आधारमा उपयुक्त प्रश्नहरूको छनोट गर्नुपर्दछ । प्रश्नयोजना, विशिष्टीकरण तालिकाको प्रयोग, उपयुक्त प्रश्नहरूको छनोटका कार्यहरू पूरा गरिसकेपछि प्रश्न निर्मातालाई भाषिक प्रश्न निर्माण गर्न कठिनाइ हुँदैन र स्तरअनुरूपका उचित खालका प्रश्नहरूको लेखन गर्न सकिन्छ । त्यसैले यी चरणहरू पूरा गरिसकेपछि निर्धारण गरिएका आधारमा प्रश्न लेखनको तयारी गरिन्छ । यस क्रममा पनि धेरै कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ । विशेष गरेर प्रश्नको स्तर, भाषा, निर्देशन आदि कुराहरू स्पष्ट हुनुपर्दछ । अतःसङ्क्षेपमा भन्नुपर्दा प्रश्नहरूको तयारी गर्दा निम्नानुसारका कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ -

क) प्रश्नको भाषा स्पष्ट हुनुपर्दछ ।

ख) उद्देश्यअनुरूपको लेखन हुनुपर्दछ ।

ग) दोहोरो अर्थ लाग्ने खालको प्रश्न हुनु हुँदैन ।

घ) अङ्क विभाजन, समय विभाजन आदिमा स्पष्ट निर्देशन हुनुपर्दछ ।

ङ) प्रश्नहरू सामान्य, मध्यम र उच्च सबै खालका हुनुपर्दछ ।

### ३.४.५ प्रश्नहरूलाई मिलाउनु (आवद्ध गर्नु)

प्रश्नहरूको लेखन कार्य सम्पन्न गरिसकेपछि उपयुक्त ढङ्गबाट आवश्यक समयमा प्रयोग गर्न सकिने गरी उक्त प्रश्नहरूलाई मिलाउनु पर्नेहुन्छ । यस क्रममा प्रश्नका समूह निर्माण गरी सिलसिला मिलाउनु पर्दछ । यसरी प्रश्नहरू मिलाउनु पूर्व एक पटक विषय शिक्षक वा विशेषज्ञले प्रश्नहरू पढी केही त्रुटि देखिएमा त्यसलाई परिमार्जन वा पुनर्लेखन गर्ने कार्य गर्नुपर्दछ । यसरी प्रश्नलाई अन्तिम रूप दिने कार्य गरिन्छ । हरेक प्रश्नहरूलाई यी माथि चर्चा गरिएका चरणहरू पार गरी सकेपछिमात्र प्रश्नहरू तयार गरिन्छ ।

### ३.४.६ प्रश्नहरूलाई निश्चित आकार प्रदान गर्नु (प्रश्नपत्र तयार गर्नु)

माथि वर्णन गरिएका चरणहरूलाई सिलसिलावद्ध रूपबाट पूरा गरिसकेपछि प्रश्नपत्रको तयारीको चरण आउँछ । भाषिक प्रश्नहरूको प्रश्नपत्र तयार गर्दा धेरै कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ । प्रश्नपत्र तयार गर्नुपूर्व प्रश्नपत्रमा समावेश गरिने कुराहरू, प्रश्नपत्रमा अक्षरको आकार, निर्देशन, अङ्कको समायोजन, समय आदि कुराहरूमा पनि विचार पुऱ्याउनु पर्दछ । प्रश्नहरूलाई निश्चित आकार प्रदान गर्ने क्रममा विशेष गरेर सबै प्रकारका प्रश्नहरू एउटै पत्रमा समावेश गर्ने वा अलग अलग बनाउने, सबै प्रश्नहरूका लागि एउटै समय दिने वा अलग अलग समय दिने, प्रश्नको उत्तर प्रश्नपत्रमै लेख्ने वा छुट्टै लेख्ने खालको प्रश्न बनाउने, प्रश्नमा उदाहरण समावेश गर्ने वा नगर्ने आदि कुराहरूमा स्पष्ट हुनुपर्दछ । यसक्रममा प्रश्नको विषय, पूर्णाङ्क, उतीर्णाङ्क, निश्चित निर्देशनहरू, वस्तुगत तथा विषयगत प्रश्नहरूको सङ्ख्या र क्रम; समय, उत्तर दिने प्रश्नको सङ्ख्या, वैकल्पिक प्रश्नको व्यवस्था, उत्तर त्यसैमा लेख्ने खालको प्रश्नभए रो.नं. वा नाम लेख्ने स्थान लगायतका सम्पूर्ण कुराहरूमा विचार पुऱ्याउनु अनिवार्य हुन्छ ।

## ३.५ भाषिक मूल्याङ्कनका साधनहरू

भाषा विषयको मूल्याङ्कन गर्नुपूर्व यसको कुन पक्षको मूल्याङ्कन गर्ने हो भन्ने सम्बन्धमा सर्वप्रथम मूल्याङ्कनकर्ता स्पष्ट हुनु जरुरी हुन्छ । भाषाशिक्षणअन्तर्गतका विषयहरू(सीपपक्षको शिक्षण, वाक्यतत्वको शिक्षण, साहित्य शिक्षण आदि) मध्ये कुन पक्षको शिक्षण गर्ने हो र उक्त पक्षको मूल्याङ्कन गर्न के-कस्ता युक्तिहरू उपयुक्त हुन्छ भन्ने कुरामा मूल्याङ्कनकर्ताले स्पष्ट धारणा बनाएपछि मात्र भाषिक मूल्याङ्कनका साधनहरूको छनोट गर्नुपर्दछ । भाषिक मूल्याङ्कनमा प्रयोग हुन सक्ने केही प्रचलित साधनहरू यसप्रकार छन् -

### ३.५.१ मौखिक जाँच

भाषिक मूल्याङ्कनका साधनहरूमध्ये मौखिक परीक्षालाई अति व्यवहारिक, चाहेको बेलामा तुरून्तै परीक्षण गर्न सकिने युक्तिका रूपमा लिन सकिन्छ । यो जाँचबाट सुनाइ तथा बोलाइ सीप सम्बन्धी, वस्तु तथा चित्रवर्णन, सस्वर पठन, उच्चारण, पठनबोध आदिजस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ । विशेष गरेर कक्षा कार्यकलापका क्रममा तत्कालै मूल्याङ्कन गर्नुपर्दा मौखिक जाँच बढी उपयोगी हुन्छ । अर्को शब्दमा भन्नुपर्दा मौखिक रूपमा लिइने जाँच नै मौखिक जाँच हो । भाषिक मूल्याङ्कनमा यसको ठूलो महत्त्व रहेको हुन्छ । मौखिक जाँच लिइएन भने सुनाइ, बोलाइ जस्ता सीपसँग सम्बन्धित विभिन्न कुराहरूको मूल्याङ्कन गर्न सकिंदैन । मौखिक जाँचको प्रयोग विशेष गरेर श्रुतिबोध, वर्ण, शब्द तथा वाक्य विभेदीकरण, उच्चारण, मौखिक अभिव्यक्ति, रूपकका विभिन्न उपविधाहरू, लयबोध आदिको मूल्याङ्कन गर्दा उपयुक्त हुन्छ ।

### ३.५.२ लिखित जाँच

लेखेर उत्तर दिने खालको मूल्याङ्कनका साधन नै लिखित जाँच हो । भाषिक मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये लिखित जाँच पनि एक महत्वपूर्ण साधन हो । यस जाँचबाट पठनबोध, भावार्थ, व्याख्या, सारांश, लिखित रचना, भाषातत्वजस्ता कुराहरूका अतिरिक्त बोध प्रश्नउत्तर, हिज्जे, शब्द प्रयोग आदि कुराहरूको पनि मूल्याङ्कन गर्न सकिन्छ । लिखित जाँचका लागि विषयगत र वस्तुगत गरी दुई प्रकारका युक्तिहरूको प्रयोग गर्न सकिन्छ । विषयगतअन्तर्गत निबन्धात्मक (लामो उत्तरात्मक) तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू सोध्न सकिन्छ भने वस्तुगतअन्तर्गत जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने र बहु वैकल्पिक खालका प्रश्नहरू सोध्न सकिन्छ । प्राथमिक तहमा निबन्धात्मक प्रश्नहरू भन्दा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू बढी सान्दर्भिक मानिन्छन् । यो साधन अत्यधिक प्रयोगमा आएको लोकप्रिय साधन हो । सबै तहमा यही माध्यमलाई मूल्याङ्कनको प्रमुख साधन मान्ने गरिन्छ ।

### ३.५.३ पर्यवेक्षण

पर्यवेक्षण अनौपचारिक किसिमको मूल्याङ्कनको साधन हो । यो साधन लिखित तथा मौखिक भन्दा भिन्न किसिमको हुन्छ । खास प्रसङ्ग अथवा भाषिक व्यवहारलाई मूल्याङ्कन गर्दा पर्यवेक्षण पद्धतिको अवलम्वन गरिन्छ । मौखिक तथा लिखित परीक्षण औपचारिक किसिमको हुने हुँदा यस्तो अवस्थामा शिक्षार्थीहरू बढी आत्तिने, डराउने, धक मान्ने हुन सक्छन् जसले गर्दा उनीहरूको सही मूल्याङ्कन गर्न गाह्रो पर्न सक्छ । यस्तो अवस्थामा उनीहरूका दैनिक क्रियाकलाप साथीहरूसँगको व्यवहार, वक्तास्रोताबीचको अन्तर्क्रिया, हाउभाउ, चेष्टा, भावाभिव्यक्ति प्रणालीको अवलोकन आदिको सही रूपबाट जानकारी लिनुपर्दा पर्यवेक्षण विधिको प्रयोग उपयोगी हुन्छ । यति मात्रै नभएर पर्यवेक्षण विधिले मौखिक युक्तिका लागि पूरकको काम पनि गर्दछ । पर्यवेक्षण विधिको प्रयोग गर्दा निम्न दुई प्रविधि अवलम्वन गर्न सकिन्छ -

#### ३.५.३.१ जाँचसूची

जाँचसूची प्रयोग गर्नुपूर्व सर्वप्रथम शिक्षार्थीको भाषिक व्यवहार सम्बन्धी मुख्य-मुख्य कुराहरूको सूची बनाइन्छ । यसरी तयार गरिएका बुँदाहरूका लागि विभिन्न किसिमका विकल्प वा उत्तरहरू दिइएका हुन्छन् । थप कुरा लेख्नका लागि केही खाली ठाउँको समेत व्यवस्था मिलाइएको हुन्छ । जाँचसूचीका आधारमा परीक्षण गर्नुपर्दा जुन विकल्प मिल्दो हुन्छ त्यसैमा चिनो लगाउने गरिन्छ । जाँचसूचीको प्रयोग विशेष गरेर बानी, व्यवहार, गुणहरू, कथन आदिको परीक्षण गर्दा प्रयोग गरिन्छ । जाँचसूचीले अन्य परीक्षाहरूद्वारा मापन गर्न नसकिने सिकारुका विशिष्ट तथा जटिल सीपहरू मापन गर्न सहयोग गर्दछ ।

#### ३.५.३.२ श्रेणीमापन

पर्यवेक्षण गर्न खोजिएका खासखास कुरामा विद्यार्थीको सीप, समझ, धारणा तथा सुझको श्रेणी वा स्तर खुल्ने गरी बनाइएको पर्यवेक्षण साधनलाई श्रेणी मापन भनिन्छ । श्रेणीमापनका आधारमा

मूल्याङ्कन गर्दा सिकारुका व्यवहारको अवलोकन गर्न निश्चित व्यवहारहरूको सूची बनाइ विभिन्न श्रेणीमा विभाजन गरिएको हुन्छ । अपेक्षा गरिएका गुणहरूको सूची बनाएर उक्त गुणहरू व्यक्तिमा कति मात्रामा छन् वा छैनन् भनी पर्यवेक्षण गर्नका लागि प्रयोग गरिने साधन नै अर्को शब्दमा श्रेणीमापन हो । पर्यवेक्षण प्रक्रियाका आधारमा गरिने मापनलाई विश्वसनीय तुल्याउन वर्तमान अवस्थामा श्रेणीमापन अत्यन्तै लोकप्रिय साधनका रूपमा विकसित भएको छ ।

## ३.६ प्राथमिक तहको भाषिक मूल्याङ्कन

नेपालका प्राथमिक तहका विद्यालयहरूमा गरिदैं आएको भाषिक मूल्याङ्कन प्रणालीलाई दृष्टिगत गर्दा औपचारिक, अनौपचारिक एवम् निरन्तर मूल्याङ्कन प्रणाली सञ्चालन गरिएको पाइन्छ । औपचारिक मूल्याङ्कनअन्तर्गत दुईवटा त्रैमासिक परीक्षाहरू र वर्षको अन्त्यमा वार्षिक परीक्षा सञ्चालन गरिन्छ भने अनौपचारिक मूल्याङ्कनअन्तर्गत विद्यार्थीहरूलाई लिखित, मौखिक, पर्यवेक्ष (अवलोकन) आदिजस्ता विभिन्न खालका परीक्षाहरू सञ्चालन गरिन्छन् । विद्यार्थीहरूको शिक्षण सिकाइ कार्यमा देखापरेका कमीकमजोरीहरू हटाउनका लागि कक्षाकार्य, कक्षापरीक्षा, गृहकार्य एकाइपरीक्षा, वादविवाद, हाजिरीजबाफ, वक्तृत्वकला, कथाकथन आदिजस्ता भाषिक सीपको विकास हुने प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरिन्छन् । विद्यार्थीहरूको क्षमता, दक्षता, हाजिरी, उमेर, रुचि वा चाहना आदिका आधारमा उनीहरूको भाषिक व्यवहारको पर्यवेक्षण विधिद्वारा निरन्तर मूल्याङ्कन गर्नुपर्ने कुरा प्राथमिक पाठ्यक्रम २०६३ ले उल्लेख गरेको छ ।

प्राथमिक तहमा गरिने भाषिक मूल्याङ्कनको स्रोत प्राथमिक पाठ्यक्रम हो । नेपालको वर्तमान लोकतान्त्रिक मान्यताअनुरूप प्राथमिक तहको पाठ्यक्रम पनि परिवर्तन गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई अझ बढी व्यवहारपयोगी तथा लोकतान्त्रिक मान्यताअनुरूपको बनाउने हेतुले निर्माण गरिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ पूर्णत नयाँ रूपमा लागू गरिएको पाठ्यक्रम हो । यो पाठ्यक्रममा प्राथमिक

तहअन्तर्गत कक्षा एकदेखि तीनसम्मका नेपाली लगायतका सम्पूर्ण विषयहरू, शिक्षणविधि, पाठ्यक्रम ढाँचा तथा मूल्याङ्कन प्रक्रियाका बारेमा स्पष्ट पार्ने काम गरिएको छ । वि.सं. २०६० सालमा नेपालका १० जिल्ला (ताप्लेजुङ, धनकुटा, धनुषा, भक्तपुर, रसुवा, बाग्लुङ, कपिलवस्तु, जुम्ला, कैलाली र डोटी) हरूमा परीक्षण गरी वि.सं. २०६३ सालदेखि क्रमशः कक्षा एकबाट नेपाल अधिराज्यभर लागू गरिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले प्राथमिक तहको भाषिक सीपको मूल्याङ्कन निम्नलिखित तरिकाले गरिने छ भनी निर्दिष्ट गरेको छ । (प्राथमिक पाठ्यक्रम २०६३ : ३३)

**सुनाइ**

- भनेका कुरा विद्यार्थीले रुचि लिएर सुनेको छ/छैन अवलोकन गर्ने,
- सोधेका कुराको जबाफ सुन्ने,
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने,
- निर्देशनअनुसार विद्यार्थीले ठीक ढङ्गले गरे नगरेको अवलोकन गर्ने,
- श्रुतिलेखन गराएर जाँच्ने,
- बालगीत गाएर सोहीअनुसार गाउन लगाउने,
- कथा, घटना विवरण आदि सुनाएर मुख्य-मुख्य कुरा भन्न लगाउने,
- विद्युतीय सञ्चार माध्यमका कार्यक्रम सुनाएर मुख्य कुरा मात्र भन्न लगाउने ।

**बोलाइ**

- अक्षर र शब्दको उच्चारण ठीक ढङ्गले गरे नगरेको सुन्ने,
- सोधेका कुराको जबाफ सुन्ने,
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने,
- बालगीत गाउन लगाएर,
- बालकथा, चुट्किला आदि भन्न लगाएर,
- वस्तुचित्र, घटना वर्णन गर्न लगाएर,
- उपयुक्त विषयवस्तु समस्या दिएर तार्किक अभिव्यक्ति गर्न लगाएर,
- उपयुक्त विषयवस्तु दिई संवाद, वादविवाद र उद्घोषण गर्न लगाएर,
- हाउभाउ साथ अभिनय गर्न लगाएर ।

**पढाइ**

- कालोपाटीमा वा अक्षरपत्तीमा लेखिएका अक्षर पढ्न लगाएर,
- अक्षर तथा शब्दपत्तीको खातबाट कुनै खास अक्षर र शब्द छान्न लगाएर,
- शब्द र चित्रको जोडा मिलाउन लगाएर,
- शब्द र वाक्य पढ्न लगाएर,
- पाठभित्र वा बाहिरका कविता र उपयुक्त अनुच्छेद छनोट गरी गति, यति र लय सस्वरवाचन गर्न लगाएर,
- पाठ्यपुस्तकभित्र वा बाहिरका पाठ्यसामग्री पढ्न लगाएर बोध प्रश्न सोध्ने ।

**लेखाइ**

- विभिन्न आकार (घेरा धर्का आदि) र चित्र कोर्न लगाएर जाँच्ने,
- अक्षर शब्द र वाक्य लेख्न लगाएर जाँच्ने,
- अनुलेखन गराएर जाँच्ने,
- शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर जाँच्ने,
- अनुच्छेद लेख्न लगाएर जाँच्ने,
- कुनै विषयवस्तु र अनुभव गरेका कुरा वर्णन गर्न लगाएर जाँच्ने,
- स्वतन्त्र रूपमा कथा, कविता, प्रबन्ध लेख्न लगाएर जाँच्ने,
- चिठ्ठी र निवेदन लेख्न लगाएर जाँच्ने,
- विद्यार्थीले तयार गरेका रचना र भित्तेपात्रो आदि जाँच्ने,
- अरूले लेखेका सामग्री सम्पादन गर्न लगाउने ।

उपर्युक्तअनुसारका सीपको मूल्याङ्कनका साधनहरू गृहकार्य, कक्षाकार्य, कक्षा सहभागिता, व्यवहारिक परिवर्तन, उपलब्धि परीक्षा आदि हुनेछन् ।

यसरी वि.सं. २०६३ सालदेखि नेपाल अधिराज्यभर कक्षा एकमा लागू गरिएको यो पाठ्यक्रम क्रमश : २०६४ मा कक्षा दुईमा, २०६५ मा कक्षा तीनमा, २०६६ मा कक्षा चारमा लागू गरिएको छ भने २०६७ मा कक्षा पाँचमा लागू हुनेछ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले नेपाली भाषाको

सीप पक्ष तथा व्याकरण पक्षको पाठ्यभारका बारेमा पनि स्पष्ट किटान गरेको छ उक्त पाठ्यक्रमले भाषाको सीप पक्षअन्तर्गत पर्ने सुनाइ, बोलाइ, लेखाइ र पढाइका लागि स्पष्ट रूपमा अलगअलग पाठ्यभार तोकेका छ भने व्याकरणलाई कार्यमूलक व्याकरण भनी केवल पदसङ्गति मात्र किटान गरेको छ । उक्त पाठ्यक्रमले विभाजन गरेको अङ्क तालिका यसप्रकार रहेको छ - (ऐजन, पृ.३१)

| भाषिक सीप | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| सुनाइ | ३० | २५ | २० |
| बोलाइ (उच्चारणसमेत) | ३० | २५ | २५ |
| पढाइ (शब्द भण्डारसमेत) | २० | २५ | २५ |
| लेखाइ (हिज्जे र चिन्ह प्रयोग) | १५ | २० | २५ |
| कार्यमूलक व्याकरण (पदसङ्गति मात्र) | ५ | ५ | ५ |
| **जम्मा** | १०० | १०० | १०० |

२०६३ को प्राथमिक पाठ्यक्रमले निर्धारण गरेका कक्षा एक, दुई र तीनको नेपाली विषयको पाठ्यभारको अध्ययन गर्दा के पाइन्छ भने सुनाइ र बोलाइको पाठ्यभारलाई घटाउँदै लगिएको छ तर पढाइ र लेखाइको पाठ्यभारलाई बढाउँदै लगिएको छ । त्यसैले यस तहमा सोहीअनुरूपले भाषिक मूल्याङ्कन गर्नुपर्दछ । व्याकरणको हकमा कक्षा एक, दुई र तीनका लागि पदसङ्गतिको मात्र शिक्षण गर्ने उद्देश्य पाठ्यक्रमले राखेकाले यही कुरालाई आधार मानी मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

वि.सं. २०६३ सालको नयाँ पाठ्यक्रम २०६६ सालमा कक्षा चारमा तथा ०६७ सालमा कक्षा पाँचमा लागू हुने हुँदा २०६५ सालमा कक्षा चार र पाँचमा २०४९ सालको पाठ्यक्रम नै कार्यान्वयनमा रहेको थियो । उक्त पाठ्यक्रमले निर्धारण गरेको प्राथमिक तहअन्तर्गतको कक्षा ४ र ५ को

अङ्कभार तथा समय तालिका निम्नानुसार रहेको थियो - (प्राथमिक शिक्षा पाठ्यक्रम सं. पन्थ, २०६५:२०६)

| भाषिक सीप | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | समय | अङ्कभार | समय | अङ्कभार |
| सुनाइ | २०% | २० | १५% | १५ |
| बोलाइ | २०% | २० | १५% | १५ |
| पढाइ | ३०% | ३० | ३५% | ३५ |
| लेखाइ | ३०% | ३० | ३५% | ३५ |
| जम्मा | १००% | १०० | १००% | १०० |

यसरी हेर्दा २०४९ को पाठ्यक्रमले सुनाइ र बोलाइलाई भन्दा पढाइ र लेखाइलाई बढी प्राथमिकता दिएको देखिन्छ । यसको अर्थ कक्षा ४ र ५ मा सुनाइ र बोलाइको तुलनामा पढाइ र लेखाइमा बढी समय खर्चनु पर्ने हुन्छ भने सोहीअनुरूपले मूल्याङ्कन गर्नुपर्ने हुन्छ । २०६५ सालको प्रा.वि. तहको वार्षिक परीक्षा सञ्चालन हुँदासम्म कक्षा एक, दुई र तीनमा नयाँ पाठ्यक्रमअनुरूप शिक्षण भएको थियो भने कक्षा ४ र ५ मा पुरानै पाठ्यक्रम सञ्चालनमा रहेको थियो अर्थात प्राथमिक तहअन्तर्गत पर्ने आधारभूत तहमा नयाँ पाठ्यक्रम लागू भएको थियो भने सीपमूलक तहमा पुरानै पाठ्यक्रमअनुरूप शिक्षण भएको थियो ।

वि.सं. २०६३ को प्राथमिक शिक्षा पाठ्यक्रम लागू हुनु पूर्व प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ कार्यान्वयनमा रहेको कुरालाई २०६३ को नयाँ प्राथमिक शिक्षा पाठ्यक्रमको 'हाम्रो भनाइ' शीर्षकमा यसरी उल्लेख गरिएको छ ।

> पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार हो र यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकोले पाठ्यक्रम समसामयिक परिवेश अनुकूल परिवर्तन हुनुपर्दछ । वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यताअनुसार प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई अझ बढी व्यवहारपयोगी बनाउन यो परिमार्जन गरिएको हो ।

यो भनाइबाट के स्पष्ट हुन्छ भने हाल लागू गरिएको प्राथमिक तहको नयाँ पाठ्यक्रम २०४९ को प्राथमिक पाठ्यक्रमको परिमार्जित रूप हो । २०४९ को पाठ्यक्रमले कक्षा ४ र ५ लाई सीपमूलक तह मानी कक्षा १-३ को तुलनामा पाठ्यभार पूर्णाङ्क तथा मूल्याङ्कन प्रक्रियामा समेत विस्तार गरेको थियो ।

# चौथो परिच्छेद

## स्रोतकेन्द्र स्तरीय परीक्षा २०६५ मा सामुदायिक विद्यालयका प्राथमिक तहमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन

### ४.१ परिचय

रूपन्देही जिल्लामा रहेका १० वटा स्रोतकेन्द्रहरूमध्ये पर्रोहा स्रोतकेन्द्र केन्द्र नं. ५ मा अङ्कित छ । यस स्रोतकेन्द्रमा गठित परीक्षा समितिले स्रोतकेन्द्रअन्तर्गत रहेका विद्यालयका विषय शिक्षकहरूबाट हरेक परीक्षाका प्रश्नहरू सङ्कलन गर्दछ । यसरी सङ्कलित प्रश्नहरूबाट छनोट गरी मुद्रणमा पठाउँछ र परीक्षा अगावै सम्बन्धित सबै सामुदायिक विद्यालयहरूलाई वितरण गर्दछ । वि.सं. २०६५ सालको वार्षिक परीक्षाका लागि पनि यो स्रोतकेन्द्रमा रहेको परीक्षा समितिले प्रश्नपत्र निर्माण गरी सम्बन्धित सबै सामुदायिक विद्यालयमा वितरण गरेको थियो ।

यसरी वितरण गरिएको स्रोतकेन्द्र स्तरीय परीक्षाका प्रश्नपत्रहरू, उत्तर पुस्तिकाहरू सम्बन्धित विद्यालयका विषय शिक्षक स्वयम्ले नै परिक्षण गरेका थिए । हरेक तह र विषयका प्रश्नहरूलाई तीन खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ, ती हुन्- सूचना खण्ड, निर्देशन खण्ड र प्रश्न खण्ड । सूचना खण्डले परीक्षार्थीहरूलाई परीक्षाको समयावधी, पूर्णाङ्क, उत्तीर्णाङ्क, विषय आदि कुराहरूको सूचना दिने काम गर्दछ भने निर्देशन खण्डले कुन-कुन प्रश्नहरू अनिवार्य छन्, कति वटा प्रश्नको उत्तर दिनुपर्ने हो वा सबै प्रश्न गर्नुपर्ने हो, के-कति समूहमा प्रश्नहरू बाडिएका छन्, कस्ता उत्तरहरूले बढी प्राथमिकता प्राप्त गर्दछन् आदिजस्ता महत्वपूर्ण कुराहरूमा निर्देशन गर्ने गर्दछ । यी दुई खण्डका अतिरिक्त सम्पूर्णता भएको खण्ड प्रश्न खण्ड हो । प्रश्न खण्डबिनाको अन्य खण्ड अकल्पनीय हुन्छ । अतः हरेक तह तथा विषयका प्रश्नहरू यिनै तीन खण्डको समायोजनबाट निर्माण गरिएका हुन्छन् । पर्रोहा स्रोतकेन्द्रले २०६५ सालमा निर्माण गरेको सामुदायिक विद्यालयअन्तर्गत प्राथमिक तहको

नेपाली विषयको प्रश्नपत्रमा पनि माथि वर्णन गरिएका तीन खण्ड रहेको थियो । यसरी निर्माण गरिएका प्रश्नहरूमध्ये कक्षा एक, दुई र तीनका प्रश्नहरूमा उत्तर लेख्नका लागि प्रश्नपत्रमै स्थान छोडिएको थियो भने कक्षा चार र पाँचमा केवल प्रश्नहरूमात्र दिइएको थियो ।

## ४.२ पर्रोहा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूमा २०६५ सालको वार्षिक परीक्षामा उपयोग गरिएका कक्षा एकका नेपाली विषयका प्रश्नहरूको अध्ययन

यस स्रोतकेन्द्रको परीक्षा समितिले सामुदायिक विद्यालयहरूका लागि निर्माण गरेको कक्षा एकको नेपाली भाषाको प्रश्नको उत्तर प्रश्नपत्रमै दिने खालको थियो । कक्षा एकको नेपाली भाषाको उक्त प्रश्नपत्रको सूचना खण्ड, निर्देशन खण्ड तथा प्रश्न खण्डमा दिइएका कुराहरूलाई निम्नानुसारले अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ सूचना खण्ड

कक्षा एकको वार्षिक परीक्षा २०६५ मा उपयोग गरिएको उक्त प्रश्नपत्रमा सूचना खण्डअन्तर्गत निम्न कुराहरू रहेका थिए -

क) कक्षा ख) विषय ग) समय घ) पूर्णाङ्क ङ) परीक्षार्थीको नाम
च) सेक्सन छ) रोल नम्बर ज) मिति झ) विद्यालयको नाम
ञ) कोठा निरीक्षकको सही ट) परीक्षकको सही ठ) प्राप्ताङ्क

### ४.२.२ निर्देशन खण्ड

कक्षा एकको वार्षिक परीक्षा २०६५ मा स्रोतकेन्द्रबाट वितरण गरिएको नेपाली विषयको प्रश्नपत्रको निर्देशन खण्डअन्तर्गत निम्नकुराहरू रहेका थिए -

क) व्यञ्जन वर्णहरू लेख्ने,

ख) विपरीत वर्ण पहिचान गर्ने,

ग) चित्र हेरेर नाम लेख्ने,

घ) उदाहरणमा दिइएअनुसार आकार लागेका शब्दहरू बनाउने,

ङ) चित्र तथा शब्दका बीचमा जोडा मिलाउने,

च) चित्रका आधारमा खाली ठाउँ भर्ने,

छ) चित्रमा सङ्केत गरिएको स्थानको नाम लेख्ने, सोधिएका प्रश्नका उत्तर दिने,

ज) चित्रसँग मिल्ने शब्दमा चिन्ह लगाउने,

झ) शब्दहरूलाई हरेर सार्ने,

ञ) चित्र हरेर ठीक शब्दमा चिन्ह लगाउने ।

### ४.२.३ **प्रश्न खण्ड**

कूल पूर्णाङ्क ६० कायम गरी तीन घण्टाको समय निर्धारण गरिएको उक्त प्रश्नपत्रमा जम्मा १२ प्रश्नहरू समावेश गरिएको थियो । उक्त प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरू तथा अङ्कभार यसप्रकार रहेको थियो-

| | |
|---|---|
| क) कदेखि ज्ञसम्म लेखेमा | ५ अङ्क |
| ख) फरक वर्ण पत्ता लगाएमा | ४ अङ्क |
| ग) चित्र हेरी नाम लेखेमा | ८ अङ्क |
| घ) उदाहरणमा दिइएअनुसार आकार लागेका पाँचवटा शब्द बनाएमा | १० अङ्क |
| ङ) जोडा मिलाएमा | ५ अङ्क |
| च) चित्र हेरी खाली ठाउँ भरेमा | ८ अङ्क |
| छ) चित्रमा देखाइएको अङ्गहरूको नाम लेखेमा | ४ अङ्क |
| ज) दुईवटा प्रश्नको सङ्क्षिप्त उत्तर दिएमा | ४ अङ्क |
| झ) चित्रसँगै मिल्ने शब्दमा चिन्ह लगाएमा | ४ अङ्क |
| ञ) दिइएका शब्दहरू सारेमा | ४ अङ्क |
| ट) ठीक शब्दमा चिन्ह लगाएमा | ४ अङ्क |
| जम्मा | ६० अङ्क |

पूर्व प्राथमिक कक्षाहरू सञ्चालन नभएका विद्यालयहरूमा विद्यार्थी स्वतह कक्षा एकमा भर्ना हुने हुँदा त्यस्ता विद्यार्थीहरूका लागि कक्षा एक विद्यालय प्रवेशको सुभारम्भको कक्षा हुन जान्छ । पहिलो पटक

विद्यालयमा प्रवेश गरेका कलिला बालबालिकाहरूको मनोवैज्ञानिक अध्ययन गरी उनीहरूमा सोही आधारमा भाषिक मूल्याङ्कन गर्नुपर्दछ । सुरुका कक्षामा पढाइ र लेखाइलाई भन्दा सुनाइ र बोलाइलाई बढी ध्यान दिएमा उनीहरूको उचित मूल्याङ्कन भएको ठहरिन्छ । 'प्राथमिक शिक्षा पाठ्यक्रम २०६३' ले राखेका उद्देश्यहरू, मूल्याङ्कन प्रणाली आदिका आधारबाट अध्ययन गर्दा कक्षा १ का लागि तयार गरिएको उक्त प्रश्नपत्र सान्दर्भिक रहेको देखिन्छ । उक्त पाठ्यक्रमले लेखाइ सीपका आधारबाट मूल्याङ्कन गर्नका लागि चित्र बनाइ नाम लेख्न लगाउने, शुद्ध शब्द लेख्न लगाउने, वर्णहरूलाई आकारप्रकार मिलाएर लेख्न लगाउने, अनुलेखन गर्न लगाउने, लिङ्ग, बचन, पुरुष र आदरसँग क्रियाको मेल गराएर लेख्न लगाउने, सामान्य, वर्तमान तथा भूतकालबाट प्रश्न बनाइ उत्तर सोध्ने, शब्द भण्डार वृद्धि गर्ने खालका चित्र तथा शब्दका बीचमा समायोजन गर्ने खालका प्रश्नहरू सोध्नुपर्ने निर्देशन गरेअनुरूपका प्रश्नहरू उक्त प्रश्नपत्रमा पाइन्छ । यति हुँदाहुँदै पनि समय विभाजनमा भने एकरूपता भएको पाइँदैन । अन्य कक्षाका लागि २ घण्टा छुट्याइएकोमा कक्षा एकका लागि पूर्णाङ्क ६० नै कायम गरी ३ घण्टाको समय निर्धारण गरिएको छ ।

## ४.३ पर्रोहा स्रोतकेन्द्रका सामुदायिक विद्यालहरूमा २०६५ सालको वार्षिक परीक्षामा उपयोग गरिएका कक्षा दुईको नेपाली विषयका प्रश्नहरूको अध्ययन

यस स्रोतकेन्द्रले कक्षा एकमा जस्तै कक्षा दुईमा पन सम्बन्धित प्रश्नको स्थानमै उत्तर लेख्न मिल्ने गरी प्रश्नपत्र तयार गरेको थियो । यस प्रश्नपत्रमा समावेश गरिएका कुराहरूलाई पनि सूचना खण्ड, निर्देशन खण्ड र प्रश्न खण्डका रूपमा निम्नानुसार विभाजन गरी अध्ययन गर्न सकिन्छ -

### ४.३.१ सूचना खण्ड

कक्षा दुईको वार्षिक परीक्षाका लागि तयार पारिएको प्रश्नपत्रमा कक्षा एकको सूचना खण्डमा दिइएका कुराहरू नै समावेश गराइएको थियो ।

यस खण्डमा पनि कक्षा एकको सूचना खण्डमा भएका निम्न कुराहरू नै रहेका थिए -

क) कक्षा ख) विषय ग) समय घ) पूर्णाङ्क ङ) परीक्षार्थीको नाम

च) सेक्सन छ) रोल नम्बर ज) मिति झ) विद्यालयको नाम

ञ) कोठा निरीक्षकको सही ट) परीक्षकको सही ठ) प्राप्ताङ्क

### ४.३.२ **निर्देशन खण्ड**

हरेक प्रश्नपत्रहरूको के कसरी उत्तर दिने हो भन्ने कुराको जानकारी दिनका लागि निर्देशनको आवश्यकता पर्दछ । कक्षा दुईको २०६५ सालको वार्षिक परीक्षाका लागि पर्रोहा स्रोतकेन्द्रले तयार पारेको कक्षा २ को नेपाली विषयको प्रश्नपत्रमा निम्नानुसार निर्देशन गरिएको थियो -

क) नं. १ मा दिइएका सबै प्रश्नहरूको उत्तर लेख्ने,

ख) जोडा मिलाउने,

ग) मिल्दो शब्द छानेर खाली ठाउँ भर्ने,

घ) ठीक बेठीक छुट्याउने,

ङ) निर्दिष्ट कविताको चार लाइन लेख्ने,

च) तालिकाको उदाहरणअनुसार पाँच वाक्य बनाउने,

छ) कसले कसलाई भनेको हो खुलाउने,

ज) सही उत्तर छानेर चिन्ह लगाउने,

### ४.३.३ **प्रश्न खण्ड**

एउटै प्रश्नपत्रमा विषयगत तथा वस्तुगत प्रश्नहरूको समायोजन गरी तयार पारिएको यस प्रश्नपत्रको पूर्णाङ्क पनि ६० नै रहेको थियो भने दुई घण्टाको समय छुट्याइएको थियो । विषयगत प्रकृतिका प्रश्नलाई स्पष्ट निर्देशन नदिएर तयार गरिएको यस प्रश्नपत्रमा वस्तुगत प्रश्नका सबै प्रकारका (ठीक-बेठीक, खाली ठाउँ भर्ने, जोडा मिलाउने र बहु वैकल्पिक) प्रश्नहरू समावेश गरिएको थियो । यस प्रश्नपत्रमा समावेश गरिएका प्रश्न तथा अङ्क विभाजनको स्वरूप यसप्रकार रहेको थियो -

| | |
|---|---|
| क) सबै दश प्रश्नको उत्तर दिएमा | ३० अङ्क |
| ख) जोडा मिलाएमा | २.५ अङ्क |
| ग) खाली ठाउँ भरेमा | ५ अङ्क |
| घ) ठीक वेठीक छुट्याएमा | २.५ अङ्क |
| ङ) निर्दिष्ट कविताको चार लाइन लेखेमा | ५ अङ्क |
| च) तालिकामा दिइएको उदाहरण अनुरूपका पाँच वाक्य बनाएमा | ५ अङ्क |
| छ) कसले कसलाई भनेको हो चार प्रश्नको जबाफ दिएमा | ४ अङ्क |
| ज) बहु वैकल्पिक प्रश्नको उत्तर मिलाएमा | ६ अङ्क |
| जम्मा | ६० अङ्क |

परोहा स्रोतकेन्द्रले कक्षा दुईको नेपाली विषयका लागि तयार गरेको २०६५ सालको वार्षिक परीक्षाको प्रश्नपत्रका लागि कूल ६० पूर्णाङ्क तथा दुई घण्टा समय निर्धारण गरेको थियो । विषयगत तथा वस्तुगत दुबै प्रकारका प्रश्नहरू समावेश गरी तयार गरिएको उक्त प्रश्नपत्रमै उत्तर लेख्नका लागि पनि स्थान छाडिएको थियो । विषयगत प्रश्नका लागि तलका सबै प्रश्नहरूको उत्तर लेख भनी निर्देशन गरिएको थियो भने वस्तुगत प्रश्नका जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने तथा बहु वैकल्पिक प्रकृतिका सबै प्रकारका प्रश्नहरू समावेश गरिएको थियो । २०६३ सालमा प्रकाशित कक्षा २ को नेपाली विषयको पाठ्यक्रमले निर्देश गरेको मूल्याङ्कन प्रणालीका आधारबाट उक्त प्रश्नको विश्लेषण गर्दा यस प्रश्नपत्रका कतिपय प्रश्नहरू पाठ्यक्रममा उल्लेखित मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित छन् भने केही असम्बन्धित प्रश्नहरू पनि समावेश गरिएको पाइन्छ । विशेष गरेर यस प्रश्नमा अनुलेखन, शुद्धलेखन, चित्रद्वारा शब्द लेखन, चिन्ह प्रयोग, लिङ्ग, वचन, पुरुष आदिसँग क्रियापदको मेल (पदसङ्गति) सम्बन्धी प्रश्न, सर्वनामसँग क्रियापदको सङ्गति, सामान्य वर्तमान तथा भूतको प्रयोग, शब्दार्थको प्रयोग आदि कुराहरूलाई पनि समावेश गर्नुपर्ने देखिन्छ ।

### ४.४ पर्रोहा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूमा २०६५ सालको वार्षिक परीक्षामा उपयोग गरिएका कक्षा तीनका नेपाली विषयका प्रश्नहरूको अध्ययन

कक्षा तीन आधारभूत तहको अन्तिम कक्षा हो । २०४९ को शैक्षिक आयोगको सिफारिसमा नेपालमा कक्षा तीनसम्म मात्र सञ्चालित केही आधारभूत विद्यालयहरू पनि खुलेका थिए । प्राथमिक तहको नयाँ पाठ्यक्रम २०६३ मा दिइएका विषयहरूको प्रकृति हेर्दा पनि कक्षा एकदेखि तीनसम्मका विषय, पाठ्यभार आदि समान प्रकृतिका देखिन्छन् तर कक्षा चारको विषयको प्रकृति भने छुट्टै खालको देखिन्छ । बरु कक्षा चारका विषय तथा पाठ्यभारहरू कक्षा पाँचसँग समान प्रकृतिको रहेको पाइन्छ । यसरी आधारभूत तहको अन्तिम कक्षा मानिने कक्षा तीनका लागि तयार गरिएको २०६५ सालको वार्षिक परीक्षाको नेपाली विषयको प्रश्नपत्रको स्वरूप पनि कक्षा एक र दुईको जस्तै थियो अर्थात प्रश्नसँगै उत्तर दिनका लागि स्थानहरू पनि छाडिएको थियो । विद्यार्थीले सम्पूर्ण विवरण प्रश्नपत्रमै दिने गरी तयार पारिएको उक्त प्रश्नपत्रलाई पनि निम्नानुसारले तीन खण्डमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ -

#### ४.४.१ सूचना खण्ड

यस प्रश्नपत्रमा पनि कक्षा एक र दुईका प्रश्नपत्रमा दिइएका सूचना खण्डमा जस्तै निम्नानुसारका समान रूपका सूचनाहरू रहेका थिए -

क) कक्षा ख) विषय ग) समय घ) पूर्णाङ्क ङ) परीक्षार्थीको नाम
च) सेक्सन छ) रोल नम्बर ज) मिति झ) विद्यालयको नाम
ञ) कोठा निरीक्षकको सही ट) परीक्षकको सही ठ) प्राप्ताङ्क

#### ४.४.२ निर्देशन खण्ड

प्रश्नपत्रका खण्डहरूमा निर्देशन खण्डको पनि अति महत्व रहेको हुन्छ । यस खण्डले विशेष गरेर परीक्षार्थीहरूलाई प्रश्नको उत्तर दिने सम्बन्धमा स्पष्ट दिशा निर्धारण गर्दछ । यस खण्डले विद्यार्थीहरूमा

अन्यौलता हटाइ तोकिएको आधारमा उत्तर लेख्न सहयोग गर्दछ । कक्षा तीनका लागि निर्माण गरिएको प्रश्नपत्रको यस खण्डमा पनि कक्षा दुईको प्रश्नपत्रमा जस्तै निम्नानुसारले निर्देशन गरिएको थियो -

क) छोटो उत्तर लेख्ने,

ख) मिल्ने शब्दले खाली ठाउँ भर्ने,

ग) उल्टो अर्थ लेख्ने,

घ) अर्थ लेख्ने,

च) वाक्यमा प्रयोग गर्ने,

छ) ठीक बेठीक छुट्याउने,

ज) जोडा मिलाउने ।

### ४.४.३ **प्रश्न खण्ड**

कुल ६० अङ्क निर्धारण गरी निर्माण गरिएको कक्षा तीनको यस प्रश्नपत्रमा जम्मा ७ वटा प्रश्नहरू समावेश गरिएका थिए । प्रश्नका उत्तर लेख्नका लागि सम्बन्धित प्रश्नसँग स्थान छाडेर तयार पारिएको यस प्रश्नपत्रमा विषयगत तथा वस्तुगत प्रश्नहरू समावेश गरिएको थियो । यस प्रश्नपत्रमा समावेश गरिएको प्रश्न तथा अङ्क विभाजनको प्रकृति यसप्रकार रहेको थियो -

| | |
|---|---|
| क) सोधिएका १० प्रश्नको छोटकरीमा उत्तर दिएमा | ३० अङ्क |
| ख) मिल्ने शब्दले खाली ठाउँ भरेमा | ५ अङ्क |
| ग) उल्टो अर्थ लेखेमा | ५ अङ्क |
| घ) शब्दको अर्थ लेखेमा | ५ अङ्क |
| ङ) वाक्यमा प्रयोग गरेमा | ५ अङ्क |
| च) ठीक वेठीक छुट्याएमा | ५ अङ्क |
| छ) जोडा मिलाएमा | ५ अङ्क |
| जम्मा | ६० अङ्क |

आधारभूत तहको अन्तिम कक्षाका रूपमा लिइने कक्षा तीनका लागि तयार पारिएको वार्षिक परीक्षा २०६५ को प्रश्नपत्रमा उत्तर समेतका

लागि स्थान छाडिएको थियो । कुल १० सङ्क्षिप्त उत्तरात्मक प्रश्न दिइएको उक्त प्रश्नपत्रमा विषयगतका अतिरिक्त वस्तुगत प्रश्नहरू पनि समावेश गरिएको थियो । उक्त प्रश्नपत्रमा वस्तुगतअन्तर्गत खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने र जोडा मिलाउने प्रश्नहरू समावेश गरिएको थियो भने विषयगतअन्तर्गत १० सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू दिइएको थियो । आधारभूत तहको अन्तिम कक्षा मानिने कक्षा तीनका लागि तयार पारिएका उक्त प्रश्नहरूको अध्ययन गर्दा प्रश्नको उत्तर दिनका लागि प्रयाप्त स्थान छाडिएको देखिदैन । एउटा मात्र पन्नामा सबै प्रश्न तथा उत्तरका लागि स्थान छोडेर प्रश्नपत्र तयार गरिएको छ जुन कक्षा तीनका विद्यार्थीका लागि चाहेर पनि बढी उत्तर लेख्ने स्थान छैन । भाषा पाठ्यक्रमको उद्देश्य तथा मूल्याङ्कन पद्धतिका आधारबाट उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रले पाठ्यक्रमको मर्मलाई पूर्ण रूपले स्वीकारेको देखिदैंन किनभने मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा पाठ्यक्रमले अनुलेखन, निर्देशनका आधारमा अनुच्छेद लेखन, चिन्ह प्रयोग, लिङ्ग, वचन, पुरुष, आदरसँग क्रियाको सङ्गति, पुरुष र क्रियाको सङ्गति, सामान्य भूत तथा वर्तमानकालीन क्रियाको प्रयोग, चित्रद्वारा शब्द वा शब्दद्वारा चित्र निर्माण गर्ने खालका प्रश्नहरू निर्माण गरी भाषिक मूल्याङ्कन गर्न निर्देश गरेको भएपनि उक्त प्रश्नपत्रमा यी कुराहरूलाई प्राथमिकता दिइएको छैन ।

## ४.५ पर्रोहा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूमा २०६५ सालको वार्षिक परीक्षामा उपयोग गरिएका कक्षा चारको नेपाली विषयका प्रश्नहरूको अध्ययन

कक्षा चारसम्म आइपुग्दा बालबालिकाको वौद्धिकस्तरमा वृद्धि हुने हुँदा सोहीअनुरूपले हरेक विषयको पाठ्यक्रम पनि विस्तार गरिएको हुन्छ । कक्षा चारको नेपाली विषयको पाठ्यक्रमअनुरूप मूल्याङ्कन प्रणालीमा पनि विस्तार गरिनु आवश्यक हुन्छ । नेपाली विषयको मूल्याङ्कनका लागि पर्रोहा स्रोतकेन्द्रले तयार गरेको प्रश्नपत्रको प्रकृति कक्षा तीनको भन्दा भिन्न खालको रहेको थियो । वस्तुगत प्रश्नहरू र विषयगत प्रश्नहरू भनी छुट्टाछुट्टै रूपमा तयार गरिएको यी दुई

प्रश्नपत्रका लागि कुल २ घण्टा समय र ६० पूर्णाङ्क कायम गरिएको थियो भने वस्तुगत प्रश्नपत्रमा विद्यार्थीको नाम र रोल नम्बर लेख्ने स्थान पनि दिइएको थियो । स्रोतकेन्द्रभरि वितरण गरिएको उक्त प्रश्नपत्रलाई समग्र रूपमा निम्नानुसार तीन खण्डमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ -

### ४.५.१ सूचना खण्ड

विषयगत र वस्तुगत प्रश्न भनी छुट्टाछुट्टै दुई प्रश्नपत्र निर्माण गरी लागू गरिएको कक्षा ४ को नेपाली भाषाको प्रश्नपत्रमा दिइएका कुराहरूमध्ये तपसीलका कुराहरूलाई सूचना खण्डका रूपमा राखी अध्ययन गर्न सकिन्छ -

क) कक्षा ख) विषय ग) पूर्णाङ्क घ) समय ङ) परीक्षार्थीको नाम र रोल नम्बर च) निरीक्षकको सही (वस्तुगत प्रश्नपत्रमा मात्र)

### ४.५.२ निर्देशन खण्ड

यस खण्डमा पनि अन्य कक्षाका खण्डमा जस्तै निर्देशनात्मक कुराहरू दिइएको थियो । यस खण्डमा विशेष गरेर दिइएका प्रश्नहरूको उत्तर के कसरी समाधान गर्ने हो, कति प्रश्नहरूको उत्तर दिनुपर्ने हो आदि कुराहरूका बारेमा स्पष्ट पार्ने काम गरिन्छ । कक्षा चारको वार्षिक परीक्षाका लागि तयार पारिएको यस प्रश्नपत्रमा दिइएका कुराहरूमध्ये निम्नलिखित कुराहरूलाई निर्देशन खण्डमा समावेश गरी अध्ययन गर्न सकिन्छ -

क) सही उत्तर छानेर रेजा चिन्ह लगाउने (वस्तुगत प्रश्नका लागि)

ख) प्रश्नहरूको उत्तर दिने,

ग) शब्द छानी खाली ठाउँ भर्ने,

घ) कसले कसलाई भनेको हो लेख्ने,

ङ) अर्थ लेख्ने,

च) लिङ्ग छुट्याउने,

छ) उल्टो अर्थ दिने शब्द लेख्ने,

ज) वाक्यमा प्रयोग गर्ने,

झ) एउटै शब्दमा लेख्ने,

ञ) उदाहरणमा दिइएअनुसारले बहुवचन बनाउने ।

### ४.५.३ प्रश्न खण्ड

उत्तर दिनका लागि दिइएका प्रश्नहरूलाई प्रश्न खण्डका रूपमा राखेर अध्ययन गर्न सजिलो हुन्छ । त्यसैले यस स्रोतकेन्द्रले तयार गरेको कक्षा ४ का नेपाली विषयका प्रश्नहरूलाई पनि यस खण्डमा समावेश गरी अध्ययन गर्न सकिन्छ । कुल ६० पूर्णाङ्क दिई २ घण्टाको समय छुट्याइएको उक्त प्रश्नपत्र विषयगत र वस्तुगत गरी दुई प्रकृतिको थियो जसमध्ये वस्तुगतका लागि १० अङ्क दिइएको थियो भने विषयगतका लागि ५० अङ्क विभाजन गरिएको थियो । अतः कक्षा ४ को नेपाली विषयको उक्त प्रश्नपत्रलाई निम्नानुसारले अध्ययन गर्न सकिन्छ -

| | |
|---|---|
| क) १० वस्तुगत प्रश्नका तीन विकल्पमध्ये ठीक उत्तरमा चिन्ह लगाएमा | १० अङ्क, |
| ख) विषयगत प्रश्नमध्ये नम्बर एकमा दिइएका प्रश्नको उत्तर दिएमा | १६ अङ्क, |
| ग) ठीक शब्द छानी खाली ठाउँ भरेमा | ५ अङ्क |
| घ) भनाइ पत्ता लगाएमा | ३ अङ्क |
| ङ) अर्थ लेखेमा | ५ अङ्क |
| च) लिङ्ग छुट्याएमा | ३ अङ्क |
| छ) उल्टो अर्थ दिने शब्द लेखेमा | ५ अङ्क |
| ज) वाक्यमा प्रयोग गरेमा | ५ अङ्क |
| झ) एउटै शब्दमा लेखेमा | ४ अङ्क |
| ञ) उदाहरण हेरी बहुबचनमा वदलेमा | ४ अङ्क |
| जम्मा | ६० अङ्क |

यसरी कक्षा चारको वार्षिक परीक्षाका लागि तयार गरिएको प्रश्नहरूमध्ये १० अङ्कको वस्तुगत प्रश्नपत्रमा १० मिनेट र ५० अङ्कको विषयगत प्रश्नपत्रमा १ घण्टा ५० मिनेट समय छुट्याइएको थियो ।

विषयगत प्रश्न भनी दिइएको प्रश्नपत्रको प्रश्न नं. १ मा ८ प्रश्न दिई तलका प्रश्नहरूको उत्तर दिनुहोस् भनी निर्देशन गरिएको थियो । प्रश्न के-कस्तो प्रकृतिको हो, सबै प्रश्नको उत्तर दिने हो अथवा के-कति प्रश्नको उत्तर दिने हो भन्ने सम्बन्धमा केही भनिएको थिएन । त्यस्तै वस्तुगत प्रश्नपत्रका रूपमा १० अङ्क पूर्णाङ्क दिएर तयार गरिएको अर्को प्रश्नपत्रमा बहु बैकल्पिक १० प्रश्नहरू समावेश गरी ३ वटा विकल्पहरू दिइएको थियो । कक्षा ४ का लागि प्रयोग गरिने भाषिक मूल्याङ्कनका साधनहरू लामा तथा छोटा उत्तर आउने दुबै प्रकारका हुनुपर्नेमा यस प्रश्नपत्रमा केवल छोटा उत्तर आउने खालका प्रश्नहरू दिइएको छ तर निर्देशनमा केही पनि सङ्केत गरिएको छैन । पाठ्यक्रमले निवेदन, विभक्ति चिन्ह, नामका प्रकारहरू, सर्वनामका प्रकारहरू, विशेषण र तिनका प्रकारहरू, लिङ्ग, वचन, पुरुष, करण-अकरण, काल र पक्षहरू, अव्यय, निपात चिन्ह प्रयोग, वर्णविन्यास, उखान टुक्का अनुकरणात्मक शब्द, पर्यायवाची शब्द, अनेकार्थी शब्द, विपरीतार्थी शब्द आदि व्याकरणिक पक्षलाई समेट्ने गरी प्रश्ननिर्माण गर्न सङ्केत गरेपनि सबै कुराहरूलाई प्रश्नले समेटेको पाइँदैन ।

## ४.६ पर्रोहा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूमा २०६५ सालको वार्षिक परीक्षामा उपयोग गरिएको कक्षा पाँचको नेपाली विषयका प्रश्नहरूको अध्ययन

नेपाल सरकारको प्राथमिक तहलाई कक्षा आठसम्म पुर्‍याउने सोँच रहेपनि हालसम्मको संरचनाअनुसार पाँच कक्षालाई प्राथमिक तहको अन्तिम कक्षा मानिन्छ । यस स्रोतकेन्द्रले कक्षा पाँचका लागि पनि वार्षिक परीक्षाका प्रश्नपत्र निर्माण गरी स्रोतकेन्द्रका सबै विद्यालयहरूमा वितरण गरेको थियो । यस स्रोतकेन्द्रमा निर्मित कक्षा पाँचको नेपाली विषयको प्रश्नपत्रमा केवल प्रश्नहरू मात्र थिए । विद्यार्थीले प्रश्नका उत्तरहरू छुट्टै कापीमा लेखेका थिए । कक्षा पाँचको नेपाली विषयको प्रश्नपत्र वस्तुगत प्रश्नहरू र विषयगत प्रश्नहरू भनी दुईवटा छुट्टाछुट्टै रूपमा तयार

गरिएको थियो । कक्षा पाँचको नेपाली विषयको उक्त प्रश्नपत्रमा रहेका सम्पूर्ण कुराहरूलाई पनि निम्न लिखित तीन खण्डमा समावेश गरी अध्ययन गर्न सकिन्छ -

### ४.६.१ **सूचना खण्ड**

सामुदायिक विद्यालयहरूमा उपयोग गरिएको उक्त प्रश्नपत्र-अन्तर्गत सूचना खण्डमा निम्न कुराहरू रहेका थिए -

क) कक्षा ख) विषय ग) पूर्णाङ्क घ) समय ङ) परीक्षार्थीको नाम र रोल नम्बर च) निरीक्षकको सही (वस्तुगत प्रश्नपत्रमा मात्र)

### ४.६.२ **निर्देशन खण्ड**

निर्देशनका लागि दिइने कुराहरूलाई निर्देशन खण्डमा राख्ने गरिन्छ । उक्त प्रश्नपत्रको यस खण्डअन्तर्गत निम्न कुराहरू रहेका थिए -

क) सही उत्तर छानेर उत्तर पुस्तिकामा सार्ने (वस्तुगत प्रश्नबाट)

ख) प्रश्नहरूको उत्तर दिने,

ग) निवेदन लेख्ने,

घ) वाक्यमा प्रयोग गर्ने,

ङ) जोडा मिलाउने,

च) चिन्ह प्रयोग गर्ने,

छ) विपक्षका तर्फबाट वादविवाद लेख्ने,

ज) शब्दक्रम मिलाइ लेख्ने,

### ४.६.३ **प्रश्न खण्ड**

विषयगत र वस्तुगत गरी दुई अलगअलग प्रश्नपत्रहरू तयार गरिएको कक्षा पाँचको नेपाली विषयको वार्षिक परीक्षाका प्रश्नहरूका लागि पनि कूल पूर्णाङ्क ६० नै तोकिएको थियो जसमध्ये वस्तुगत प्रश्नका लागि १० अङ्क छुट्याइएको थियो भने विषयगत प्रश्नका लागि पूर्णाङ्क ५० निर्धारण गरिएको थियो । उक्त प्रश्नपत्रमा वस्तुगत १० र विषयगत ७

गरी कूल १७ प्रश्न दिइएको थियो । उक्त प्रश्नपत्रमा समावेश गरिएका प्रश्न तथा अङ्क विभाजनको स्वरूप यसप्रकार रहेको थियो -

| | |
|---|---|
| क) १० वस्तुगत प्रश्नको चारवटा विकल्पहरूमध्ये सही विकल्प छानेमा | १० अङ्क |
| ख) विषयगत प्रश्नपत्रको एक नम्बरमा दिइएका पाँच प्रश्नहरूको उत्तर दिएमा | २० अङ्क |
| ग) प्रधानाध्यापकलाई निवेदन लेखेमा | ५ अङ्क |
| घ) वाक्यमा प्रयोग गरेमा | ५ अङ्क |
| ङ) जोडा मिलाएमा | ४ अङ्क |
| च) मिल्ने चिन्ह राखेमा | ५ अङ्क |
| छ) वादविवाद लेखेमा | ५ अङ्क |
| ज) शब्दक्रम मिलाइ लेखेमा | ६ अङ्क |
| जम्मा | ६० अङ्क |

कक्षा पाँचको वार्षिक परीक्षाका लागि तयार गरिएको प्रश्नपत्रलाई अध्ययन गर्दा वस्तुगत र विषयगतका लागि दुई छुट्टाछुट्टै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी दुई छुट्टाछुट्टै प्रश्नपत्र निर्माण गरिएपनि विषयगत प्रश्न भनी निर्माण गरिएको प्रश्नपत्रमा वस्तुगत प्रश्नसमेत समावेश गरेको देखिन्छ । यस प्रश्नपत्रको प्रश्न नम्बर १ मा ५ वटा प्रश्नहरू दिई तलका प्रश्नहरूको उत्तर दिनुहोस् भनी निर्देशन गरिएको छ तर कस्तो उत्तर दिने हो, निर्देशनमा केही बताइएको छैन । त्यस्तै उक्त प्रश्नपत्रको नम्बर चारमा  जोड मिलाउने प्रश्न दिइएको छ । विषयगत प्रश्न भनी तयार गरिएको यस प्रश्नपत्रमा वस्तुगत प्रश्नका प्रकारसमेत समावेश गरिएको पाइन्छ । व्याकरण तथा शब्दभण्डारतिर दृष्टि दिँदा यस प्रश्नमा वाक्यमा प्रयोग, चिन्ह परिचय तथा पदक्रम सम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

## ४.७ पाठ्यक्रमअनुरूपताका आधारमा प्राथमिक तहअन्तर्गत कक्षा ५ को नेपाली विषयका प्रश्नहरूको अध्ययन

मूल्याङ्कन उद्देश्य मापनको आधार हो भने मूल्याङ्कनका लागि उपयोग गरिएका साधनहरू स्तरीय मूल्याङ्कनका मापदण्ड हुन् । नेपाली विषयको मूल्याङ्कन अन्य विषयको मूल्याङ्कनका तुलनामा बढी झन्झटिलो तथा जोखिमपूर्ण हुन्छ । भन्न खोजिएको कुरा के हो भने नेपाली विषयको मूल्याङ्कन गर्दा धेरै सजगता अपनाउनु पर्ने हुन्छ । नेपाली विषयको मूल्याङ्कन गर्दा एकातिर पठनबोधको मापन गर्नुपर्ने हुन्छ भने अर्कोतिर भाषिक सीपको । त्यस्तै गरेर व्याकरण पक्षको मूल्याङ्कन गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । यसरी हेर्दा नेपाली विषयअन्तर्गत भाषिक सीप, व्याकरण तत्व तथा साहित्य बोधसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । शिक्षण सिकाइ उद्देश्यअनुरूप हुन्छ वा हुँदैन अथवा यी भाषिक विषयवस्तुहरूबाट सबै पक्षको सही मूल्याङ्कन हुन सक्छ वा सक्दैन भन्ने कुरा भाषिक मूल्याङ्कनका साधनमा निर्भर रहन्छ । स्तरीय रूपका प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा तयार गर्नुपर्ने हुन्छ । यसरी सम्पूर्ण कुराहरूलाई आधार मानी तयार गरिएको युक्ति (प्रश्नपत्र) हरूबाट मात्र विद्यार्थी तथा शिक्षकको सही मूल्याङ्कन हुन सक्छ ।

भाषिक मूल्याङ्कनका साधनहरू निर्माण गर्दा विद्यार्थी तथा कक्षाको स्तर; शिक्षाको राष्ट्रिय, तहगत, कक्षागत तथा विषयगत उद्देश्य आदि कुराहरूमा पनि ध्यान दिनुपर्ने हुन्छ । प्रश्नहरूमा जबसम्म विश्वसनीयता तथा वैधता कायम हुन सक्दैन तबसम्म त्यसरी गरिने परीक्षणको कुनै अर्थ रहँदैन । हरेक कक्षाका विषयहरूको प्रश्न निर्माणको प्रमुख आधार विशिष्टीकरण तालिका हो । पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा ५ को नेपाली विषयका प्रश्नहरूको स्तरीयताको परीक्षण गर्न सोही विषयको विशिष्टीकरण तालिकाको अध्ययन गर्नु जरुरी हुन्छ । प्रश्न निर्माण गर्नका लागि आवश्यक पर्ने विशिष्टीकरण तालिकाको महत्वका विषयमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित विशिष्टीकरण तालिका (नमुना प्रश्नसहित) कक्षा ५ को **'विशिष्टीकरण तालिकाको आवश्यकता'** भन्ने

शीर्षकमा निम्नानुसार उल्लेख गरिएको छ । (विशिष्टीकरण तालिका कक्षा ५, २०५९ : १)

> मूल्याङ्कन प्रणालीमा सुधार गर्न पाठ्यक्रममा सम्पूर्ण पक्ष समेटेर प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गर्नु अपरिहार्य छ । प्राथमिक तह उत्तीर्ण परीक्षाका रूपमा लिइने कक्षा ५ को परीक्षाको स्तरीकरण, एकरूपता र वैधता आवश्यक देखिएकाले वर्तमान पाठ्यक्रमका आधारमा यो विशिष्टीकरण तालिका निर्माण गरिएको छ । यस तालिकामा सिकाइका सम्पूर्ण पक्ष समेटिएका छन् । यसमा पाठ्यक्रमका सम्पूर्ण क्षेत्रबाट प्रश्न निर्माण गर्न सकिने गरी ज्ञान, बोध र अन्य तहको प्रश्नहरू निर्माण गर्ने, अङ्क दिने र समय निर्धारण गर्ने प्रक्रियासमेत सङ्केत गरिएको छ ।

कक्षा ५ को विशिष्टीकरण तालिकामा उल्लेख गरिएका माथिका कुराहरूले के स्पष्ट पार्दछ भने हरेक विषयको मूल्याङ्कनका लागि तयार गरिने परीक्षणीय युक्तिहरूको आधारस्रोत विशिष्टीकरण तालिका हो । त्यसैले प्रश्ननिर्माण गर्दा विशिष्टीकरण तालिकाको अध्ययन तथा प्रयोग गर्नु आवश्यक हुन्छ । नेपाली भाषाको मूल्याङ्कन गर्नका लागि तयार गरिने प्रश्नको प्रकृति के-कस्तो हुने, कुन तह (ज्ञान, बोध अन्य) बाट के-कति अङ्कका कति प्रश्नहरू सोध्ने, उत्तर दिने समय कति राख्ने आदि कुराहरूका अतिरिक्त भाषिक पाठ्यक्रमका सीपअन्गर्तत कुनकुन सीपलाई के-कति प्रश्नहरू सोध्ने, विधा क्षेत्रअन्तर्गत कुनकुन विधाबाट के-कस्ता प्रश्नहरू तयार गर्ने आदि कुराहरूमा स्पष्ट हुनका लागि विशिष्टीकरण तालिकाको उपयोग गर्नु अनिवार्य हुन्छ । अतः कक्षा ५ को नेपाली विषयका लागि भाषिक पाठ्यक्रमका आधारमा तयार गरिएको ऐजन पृ.२ मा दिइएको विशिष्टीकरण तालिका यसप्रकार रहेको छ - (हेर्नू : परिशिष्ट 'क')

हरेक विषयका पाठ्यक्रममा निर्दिष्ट गरिएका शैक्षिक उद्देश्यहरूको उचित तवरले मापन गर्न सोही पाठ्यक्रमको मर्मअनुरूपको विषय विशिष्टीकरण तालिका निर्माण गरिएको हुन्छ । नेपाली विषयको मूल्याङ्कन गर्नको लागि तयार गरिएको माथिको तालिकाले पनि भाषिक मूल्याङ्कनका लागि निर्माण गरिने नेपाली विषयका युक्तिहरूका बारेमा स्पष्ट रूपमा दिशा निर्देश गरेको छ । यो तालिकाले विशेष गरेर कथा, कविता, जीवनी, प्रबन्ध आदि विषयहरूमध्ये कुन विधाबाट के-कस्ता प्रकृतिका कति अङ्कका प्रश्नहरू सोध्ने हो, स्पष्ट पार्ने काम गरेको छ । यसका साथै सिकाइको तहअन्तर्गत ज्ञान, बोध तथा अन्य क्षेत्रबाट के-कति प्रश्नहरू सोध्नुपर्ने हो, सो सम्बन्धमा पनि स्पष्ट पार्ने काम गरिएको छ । यी कुराहरूका अतिरिक्त कति प्रश्नको के-कसरी उत्तर दिनुपर्ने हो, व्याकरणअन्तर्गत के-कस्ता प्रकृतिका प्रश्नहरू दिनुपर्ने हो, आदि कुराहरूमा समेत स्पष्ट निर्देशन दिएको देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको विशिष्टीकरण तालिकामा उल्लेख गरिएअनुसार कक्षा ५ को नेपाली भाषाका प्रश्नमा निम्न कुराहरू समावेश गर्नुपर्ने देखिन्छ -

- कविता, कथा, जीवनी तथा प्रबन्ध मध्येबाट लामो उत्तर आउने ३ प्रश्न सोधी ६ अङ्कभार रहने गरी एक प्रश्नको उत्तर माग्ने,
- कविता, कथा, जीवनी, प्रबन्ध र संवादबाट ज्ञान, बोध तथा अन्य क्षेत्रसँग सम्बन्धित ७ प्रश्न सोधी १२ अङ्क भएको ४ प्रश्नको उत्तर दिन लगाउने,
- कविता, जीवनी तथा प्रबन्धबाट व्याख्यात्मक पाराका अर्थ स्पष्ट पार्ने खालका ४ प्रश्न सोधी २ प्रश्नको उत्तर माग्ने, यसरी सोधिएका प्रश्नका लागि प्रति प्रश्न ४ अङ्कका दरले ८ अङ्क छुट्याउनु पर्ने,
- पाठ्यवस्तुको गद्यविधाबाट १०० शब्दसम्मको अनुच्छेद झिकी त्यसबाट प्रति प्रश्नका लागि १ अङ्कसहित कुल ५ प्रश्न र ५ अङ्क छुट्याउने,
- निवेदन अथवा घरायसी चिठीमध्ये ५ पूर्णाङ्कको एउटा प्रश्न सोध्ने,

- संवाद/प्रबन्धबाट दुई प्रश्न सोधी एक प्रश्नको उत्तर माग्ने, यसरी प्रबन्ध लेख्न लगाउँदा कुनै ३ शीर्षक दिई एक शीर्षकमा लेख्न लगाउने जसका लागि ५ अङ्क छुट्याउनु पर्ने,
- उखान, टुक्का, अनुकरणात्मक शब्द, निपात र अन्य एक शब्द दिई कुनै तीनको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने प्रयोजनका लागि ३ अङ्क छुट्याउनु पर्ने,
- कर्ता, कर्म र क्रिया भएका वाक्य बनाउन सकिने गरी एउटा तालिकामा सङ्केत दिई चार वाक्य बनाउन निर्देशन गर्दै २ अङ्क तोकिदिने,
- शब्द ज्ञानका लागि पर्यायवाची, अनेकार्थी वा विपरीतार्थी शब्दमध्ये कुनै एकसँग सम्बन्धित ८ शब्द सोधी ४ शब्दको समधान गर्न लगाउने, जसका लागि २ अङ्क विभाजन गर्ने,
- नमिलेका दुई वाक्यलाई पदक्रम मिलाउन लगाउने प्रयोजनका लागि २ अङ्क विभाजन गर्ने,
- लिङ्ग, वचन, पुरुष र कालसँग सम्बन्धित चार प्रश्न (खाली ठाउँ भर्ने खालका) सोधी सङ्केतअनुसारले ठीक शब्द छानी खाली ठाउँ भर्न लगाउने, जसका लागि २ अङ्क दिने,
- विभक्तिको सही प्रयोग गराउनका लागि ४ वाक्य वा अनुच्छेदमा रिक्त स्थान दिई पूरा गराउने प्रयोजनका लागि २ अङ्क छुट्याउने,
- विशेषणको प्रयोग गर्नका लागि चारवटा खाली ठाउँ भर्ने प्रश्न सोधी कोष्ठबाट ठीक बेठीक छनोट गर्न लगाउने, उक्त प्रयोजनका लागि २ अङ्क छुट्याउनु पर्ने,
- शब्दार्थ ज्ञानका लागि पाठ्यपुस्तकबाट ६ वटा शब्द दिई कुनै चारको अर्थ लेख्ने, उक्त प्रयोजनका लागि २ अङ्क तोकिदिने,
- शुद्ध लेखनका लागि शब्दमा एउटा मात्र त्रुटि हुने गरी ८ वटा शब्द दिई कुनै चार शब्द शुद्ध गर्न लगाउने, उक्त प्रयोजनका लागि २ अङ्क विभाजन गर्ने,

माथि उल्लेख गरिएका प्रश्नको प्रकृति हेर्दा बुँदा नं. ६ देखि पछिका प्रश्नहरू व्याकरण र शब्द भण्डारमा आधारित रहेको पाइन्छ । यसप्रकारले तयार गरिएको नेपाली विषयको विशिष्टीकरण तालिकाको संरचना प्रक्रिया हेर्दा कक्षा ५ को पूर्णाङ्क ६० को वार्षिक परीक्षाका लागि तयार गरिने मूल्याङ्कनका साधनहरूमध्ये विषयगत तथा वस्तुगत दुबै प्रश्नहरू समावेश गर्नुपर्ने देखिन्छ भने विषयगत प्रश्नअन्तर्गत पनि एउटा ६ अङ्कको लामो उत्तर आउने तथा कुल १२ अङ्कको ४ वटा छोटा प्रश्नहरू समावेश गर्नुपर्ने हुन्छ ।

## ४.८ स्तरअनुरूपताका आधारमा स्रोतकेन्द्र स्तरीय परीक्षा २०६५ मा पर्सा स्रोतकेन्द्रले उपयोगमा ल्याएको कक्षा ५ को नेपाली विषयका प्रश्नहरूको विश्लेषण

हरेक कक्षाका सम्पूर्ण विषयहरूको मूल्याङ्कन गर्दा स्तरअनुरूपता को अनिवार्य रूपमा ख्याल गर्नुपर्दछ । स्तरअनुरूपताभित्र धेरै कुराहरू पर्दछन् । विशेष गरेर स्तरअनुरूपताभित्र विद्यार्थीको स्तर, प्रश्नको प्रकृति, विषयगत उद्देश्य, पाठ्यक्रमको मर्म, तहगत तथा कक्षागत उद्देश्य आदि कुराहरू पर्दछन् । यी सबै कुराहरूका आधारमा प्रश्न निर्माण गर्नुपर्दछ । पाठ्यक्रमले राखेको उद्देश्यअनुरूप सही मूल्याङ्कन गर्न विशिष्टीकरण तालिकालाई आधार मान्नुपर्दछ । भन्नुको तात्पर्य के हो भने विशिष्टीकरण तालिकामा दिइएको निर्देशन तथा प्रश्ननिर्माण प्रक्रियालाई आधार मानी प्रश्नपत्र तयार गरेमा पाठ्यक्रमको मर्म, विषयगत तथा तहगत उद्देश्य, विद्यार्थीको स्तरअनुरूपको हुन जान्छ । अर्को शब्दमा भन्ने हो भने त्यस्ता प्रश्नहरू विश्वसनीय, वैध तथा स्तरअनुरूपका हुन्छन् । शिक्षकहरूको लापर्वाही अथवा अज्ञानताले गर्दा प्रश्नपत्र निर्माण गर्ने क्रममा विशिष्टीकरण तालिकाको प्रयोग गरिदैंन । हचुवाका भरमा मनगणन्ते पाराले प्रश्ननिर्माण गर्दा कहिल्यै पनि स्तरअनुरूपको प्रश्न बन्न सक्दैन । प्रश्ननिर्माणका निश्चित नियमको पालना गरी, विशिष्टीकरण तालिकालाई आधार मानी, प्रश्नपत्र निर्माण गरेमा मात्र त्यस्ता प्रश्नहरूलाई स्तरअनुरूप भएको मान्न सकिन्छ ।

रूपन्देही जिल्लाका १० स्रोतकेन्द्रहरूमध्ये ५ नम्बरमा रहेको यस स्रोतकेन्द्रको परीक्षा समितिले २०६५ सालको स्रोतकेन्द्र स्तरीय परीक्षाका लागि अन्य कक्षाका साथसाथै कक्षा ५ को पनि नेपाली विषयको प्रश्ननिर्माण गरेको थियो । प्राथमिक तहको अन्तिम कक्षा मानिने उक्त कक्षाका लागि निर्माण गरिएको प्रश्नपत्रको स्तरअनुरूपता परीक्षण गर्ने प्रमुख आधार सोही प्रयोजनका लागि तयार पारिएको विशिष्टीकरण तालिका हो । कक्षा ५ को नेपाली विषयको मूल्याङ्कनका लागि निर्माण गरिएको प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुरूपका युक्तिहरू भएको पाइँदैन । विशिष्टीकरण तालिकामा दिइएको प्रश्नका प्रकृति तथा नमुना प्रश्नपत्रमा विषयगत तथा वस्तुगत प्रश्नहरूलाई समेट्ने गरी एउटै प्रश्नपत्र दिइएको छ । यस स्रोतकेन्द्रले वस्तुगत तथा विषयगतका दुई अलगअलग प्रश्नपत्रहरू निर्माण गरेको छ । विषयगत प्रश्नका किसिम तथा सङ्ख्यामा पनि समानता छैन अर्थात प्रश्नहरू स्तरअनुरूपका छैनन् किनभने तालिकाले २ विकल्प सहितका ३ वटा लामो उत्तर आउने प्रश्न सोधी कुनै एकको उत्तर दिनुपर्ने निर्देश गरेकोमा उक्त प्रश्नपत्रमा लामो उत्तर आउने प्रश्न नै दिइएको छैन । त्यस्तैगरेर विशिष्टीकरण तालिकाले कविता, कथा, जीवनी, प्रबन्ध र संवादबाट ७ वटा प्रश्न सोधी कुनै ४ प्रश्नको उत्तर दिन लगाउने भनी उल्लेख गरेकोमा उक्त प्रश्नपत्रको प्रश्न नम्बर १ मा ५ वटा प्रश्नहरू दिई छोटो उत्तर आउने प्रश्नलाई पनि स्पष्ट निर्देशन नगरी केवल प्रश्नहरूको उत्तर दिनुहोस् मात्र भनिएको छ । ७ प्रश्न सोधी कुनै ४ प्रश्नको उत्तर दिनुहोस् भन्नुपर्नेमा वैकल्पिक प्रश्नको व्यवस्था नै गरिएको छैन ।

यस प्रश्नपत्रमा लामो उत्तर दिने र छोटो उत्तर दिने प्रश्नका अतिरिक्त अन्य प्रश्नहरूमा पनि स्तरअनुरूपता भएको पाइदैन । तालिकाले ४ अङ्कका दुई विकल्पसहितका दुईवटा अर्थ स्पष्ट पार्ने (व्याख्या गर्ने) प्रश्नहरू दिनुपर्ने उल्लेख गरेको भएपनि यस प्रश्नपत्रमा यस्ता खालका प्रश्नहरू नै समावेश गरिएका छैनन् । त्यस्तै गरेर तालिकामा अनुच्छेदात्मक ५ बोध प्रश्नका लागि ५ अङ्क तोकेकोमा यस प्रश्नमा अनुच्छेदात्मक प्रश्न नै दिइएको छैन । विशिष्टीकरण तालिकाको क्र.सं. ५ अन्तर्गत संवाद/प्रबन्ध खण्डमा ५ अङ्क को संवाद अथवा ३ शीर्षक दिई एउटा शीर्षकमा प्रबन्ध लेख्न लगाउने भनिएपनि

प्रश्नपत्रमा कतै उल्लेख गरिएको छैन । व्याकरणसँग सम्बद्ध प्रश्नहरू पनि तालिकामा उल्लेख गरिए अनुरूपका छैनन् । तालिकाले व्याकरण पक्षबाट पदसङ्गति, विभक्ति, विशेषण, वर्णविन्यास, पर्यायवाची, अनेकार्थी, विपरीतार्थी आदिसँग सम्बन्धित प्रश्नहरू दिंदा खाली ठाउँ भर्न लगाउने भने तापनि यस प्रश्नपत्रमा कतैपनि खाली ठाउँ भर्ने खालका वस्तुगत प्रश्नहरू दिइएका छैनन् । यसका सट्टामा बरु जोडा मिलाउने प्रश्नहरू दिइएका छन् । जुन विशिष्टीकरण तालिकासँग मेल खाँदैन । वर्णविन्यास खण्डबाट एउटा गल्तीसहितको ८ वटा शब्द दिई कुनै ४ शब्द शुद्ध गर्न लगाउने भनिए तापनि उक्त प्रश्नपत्रको प्रश्न नम्बर ५ मा केवल चिन्ह राख्ने प्रश्न मात्र दिइएको छ । त्यस्तै गरेर प्रश्न नम्बर ७ मा शब्दक्रम मिलाउने प्रश्न दिइएको छ जुन कुरा विशिष्टीकरण तालिकामा दिइएको छैन ।

स्तरअनुरूपका प्रश्नहरूका विषयमा चर्चा गर्दा यस प्रश्नपत्रमा स्तरअनुरूपका थोरै प्रश्नहरूमात्र प्राप्त गर्न सकिन्छ । यस प्रश्नपत्रको प्र.नं. २ मा प्रधानाध्यापकलाई निवेदन लेख्ने प्रश्न छ जुन विशिष्टीकरण तालिकाको क्र.सं. ५ सँग सम्बन्धित छ । त्यस्तैगरेर उक्त प्रश्नपत्रको प्र.नं.३ मा अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने प्रश्न दिइएको छ । यो पनि उक्त तालिकाको क्र.सं. ६ सँग मेल खान्छ । यसरी अध्ययन गरी हेर्दा स्रोतकेन्द्र स्तरीय परीक्षाका लागि निर्माण गरिएको उक्त प्रश्नपत्रमा अल्पसङ्ख्यक प्रश्नहरूमात्र स्तरअनुरूप रहेको पाइन्छ भने बहु सङ्ख्यक प्रश्नहरू स्तरअनुरूप नभएको, परीक्षा समितिले विशिष्टीकरण तालिकाको ख्याल नै नराखी गैरजिम्मेवारपूर्ण तवरले निर्माण गरेको देखिन्छ । हामीले जबसम्म ठीक, व्यवस्थित तथा स्तरअनुरूप तवरले मूल्याङ्कन गर्न सक्दैनौं तबसम्म शिक्षण सिकाइ क्रियाकलाप उचित वा अनुचित भएको निष्कर्ष निकाल्न, उद्देश्य पूरा भए नभएको पत्ता लगाउन सक्दैनौं । यसरी हेर्दा उचित तवरको शिक्षणको जति महत्व रहेको हुन्छ त्यो भन्दा बढी स्तरयुक्त तवरको मूल्याङ्कनको रहेको हुन्छ । मूल्याङ्कनका लागि प्रयोग गरिने युक्तिहरू नै स्तरअनुरूप नभएको अवस्थामा उचित मूल्याङ्कन अकल्पनीय हुन्छ । अतः यस पक्षमा सम्बन्धित सबैको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ ।

# पाँचौं परिच्छेद

## निष्कर्ष तथा सुझावहरू

### ५.१ निष्कर्ष

भाषाशिक्षणमा मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । विद्यार्थीहरूको सिकाइ प्रगति कुन रूपमा अगाडि बढेको छ भन्ने कुराको जानकारी हासिल गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । भाषिक सीपका उद्देश्यअनुरूपका शिक्षण क्रियाकलाप भएका छन् वा छैनन् भनी ज्ञान हासिल गर्न मूल्याङ्कनले सहयोग गर्दछ । नेपाली भाषाशिक्षण केवल भाषिक विषयवस्तुको शिक्षण मात्र नभएर भाषिक सीपहरूको पनि शिक्षण हो । त्यसैले भाषाशिक्षण गर्नु भनेको विद्यार्थीहरूलाई सम्बन्धित भाषाका भाषिक सीप सिकाउनु पनि हो । शुद्ध भाषाको प्रयोग शुद्ध उच्चारण, व्याकरणको उचित प्रयोग आदिजस्ता क्रियाकलाप गराउने उद्देश्य पाठ्यक्रमले राखेको हुन्छ । भाषाशिक्षणमा अभ्यास तथा पुनरावृति, स्तरीयता तथा उपयुक्तता, क्रमबद्धता आदिजस्ता सिद्धान्तहरू रहेका हुन्छन् । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूरा गर्न निश्चित विषयको निश्चित पाठको शिक्षण पछि विद्यार्थीहरूमा हासिल हुने अपेक्षित सिकाइ उपलब्धि मापनका लागि तयार गरिएका युक्तिहरू नै भाषिक उपलब्धि मापनका आधारहरू हुन् । यिनै युक्तिहरूका आधारबाट विद्यार्थीहरूको परीक्षण गरिन्छ र प्राप्त गरेको अङ्कलाई नै समग्र प्रगतिको स्थितिका रूपमा लिइन्छ । अर्को शब्दमा भन्ने हो भने निर्णयात्मक मूल्याङ्कनलाई नै विद्यार्थीको समग्र मूल्याङ्कनको आधार मानिन्छ ।

भाषा विषयको मूल्याङ्कनको आधार लिखित माध्यमलाई मात्र मान्नु हुँदैन । भाषाशिक्षणमा लेखाइको जति महत्त्व हुन्छ त्यति नै महत्त्व सुनाइ, बोलाइ र पढाइको पनि हुन्छ । यही कुरालाई स्वीकार्दै भाषा पाठ्यक्रम तथा विशिष्टीकरण तालिकामा ६० पूर्णाङ्क पढाइ र लेखाइका माध्यमद्वारा विद्यार्थीहरूको भाषिक मूल्याङ्कन गर्ने र ४० पूर्णाङ्क सुनाइ तथा बोलाइ

सम्बन्धी क्रियाकलाप गराइ सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि सुनाइ, बोलाइ तथा पढाइ लेखाइ सम्बन्धी छुट्टाछुट्टै विशिष्टीकरण तालिकासमेत निर्माण गरिएका छन् । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका आदिजस्ता मार्गनिर्देश गर्ने शैक्षिक सामग्रीहरू प्रकाशित भएपनि जबसम्म त्यसको सही कार्यान्वयन हुन सक्दैन तवसम्म अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । भाषिक मूल्याङ्कन भाषिक युक्तिमा निर्भर रहन्छ भने भाषिक युक्तिहरू निर्माणकर्ताको स्तर क्षमता सक्रियता आदि कुराहरूबाट प्रभावित हुन्छ । प्राथमिक तहमा दिइने शिक्षा बालबालिकाहरूको समग्र पक्षको आधार हो । त्यसैमा पनि नेपाली भाषा सबै विषयको माध्यम भाषा पनि हो । यस्तो अवस्थामा प्राथमिक तहका बालबालिकाहरूलाई सुरूमा गरिने भाषिक मूल्याङ्कनले उनीहरूको समग्र पक्षमा प्रभाव पार्न सक्छ । त्यसैले नेपाली विषयमा उपयोग गरिने प्रश्नहरू विश्वसनीय वैध तथा स्तरअनुरूपको हुनु अनिवार्य  हुन्छ ।

प्राथमिक तहलाई शिक्षाको आधारभूत तह मानी राज्यले ठूलो धनराशी लगानी गर्दै आइरहेको छ । यही कुरालाई जोड दिदैं दातृराष्ट्र तथा विभिन्न निकायको संयुक्त प्रयासमा नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भई प्राथमिक तहमा दिइने शिक्षाको समग्र विकासमा समर्पित रहेको छ । यसै कार्यको प्रयोजनका लागि नेपालका प्रत्येक जिल्लाहरूमा स्रोतकेन्द्रहरू स्थापना गरिएका छन् । यसरी स्थापना भएका स्रोतकेन्द्रहरूले गर्ने कार्यहरूमध्ये आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरूको शैक्षिक प्रगति मापन गर्न परीक्षणीय युक्तिहरू निर्माण गरी वितरण गर्नु पनि एक हो । यो कार्य गर्नका लागि स्रोतकेन्द्रमा एक परीक्षा समिति गठन गरिएको हुन्छ जसले परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू गर्दछ । स्रोतकेन्द्रले निर्माण गर्ने प्रश्नपत्रहरू स्तरीय, उद्देश्य, सिकाइ उपलब्धि तथा पाठ्यक्रमको मर्मअनुरूप नभएमा त्यसको प्रभाव सम्पूर्ण स्रोतकेन्द्रका विद्यालयहरूमा पर्न जान्छ अर्थात एक शिक्षकले प्रश्नपत्र तयार गरे केवल एक विद्यालयका विद्यार्थीहरूमा मात्र प्रभाव पर्दछ भने स्रोतकेन्द्रले स्तरहीन प्रश्नपत्र तयार गरे सम्पूर्ण विद्यालयहरू नै

प्रभावित हुन्छन् । त्यसैले हरेक स्रोतकेन्द्रले यस्ता युक्तिहरू निर्माण गर्दा विद्यार्थीको स्तर, शिक्षाको उद्देश्य, पाठ्यक्रमको मर्म आदि सम्पूर्ण पक्षमा विचार पुऱ्याई नियम सङ्गत ढङ्गबाट विशिष्टीकरण तालिकामा निर्देश गरिएका नियमहरू अक्षरशः पालना गर्नुपर्दछ ।

रूपन्देही जिल्लामा रहेका १० वटा स्रोतकेन्द्रहरूमध्ये पाँचौ नम्बरका रूपमा पर्रोहा स्रोतकेन्द्र रहेको छ । ५ वटा गा.वि.स. (दुधराक्ष, सालझण्डी, सेमलार, पर्रोहा र ख.वनगाई) हरूमा रहेका विद्यालयहरूको समग्र शैक्षिक क्रियाकलापको रेखदेख, समन्वय तथा मूल्याङ्कन गर्ने गरी पर्रोहा उच्च मा.वि.को परिसरमा यसको कार्यालय रहेको छ । प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षामा उपयोग गरिएका नेपाली विषयका भाषिक प्रश्नहरूको अध्ययन गर्ने क्रममा उक्त स्रोतकेन्द्रलाई नमुना छनोट गरी प्राथमिक तहको नेपाली विषयको मूल्याङ्कनका युक्तिहरूको अध्ययन गरिएको हो । यसरी अध्ययन गरी हेर्दा प्राथमिक तहका विद्यार्थीहरूको नेपाली विषयको मूल्याङ्कन गर्नका लागि तयार गरिएका प्रश्नपत्रहरूमा प्रशस्तै कमीकमजोरीहरू देखिएकाले यसलाई स्तरीय बनाउन सम्बन्धित परीक्षा समितिले विशेष ध्यान दिनु जरुरी देखिन्छ । स्रोतकेन्द्र स्तरीय परीक्षामा प्राथमिक तहमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने क्रममा नमुना छनोट गरिएका स्रोतकेन्द्र तथा निर्धारित कक्षाहरूमा प्रयोग गरिएका नेपाली विषयका प्रश्नहरूको प्रकृति हेर्दा पाठ्यक्रमको मर्म तथा विशिष्टीकरण तालिकाको निर्देशनको पूर्णरूपमा पालना नभएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझावहरू

) भाषिक मूल्याङ्कनका युक्तिहरूको अध्ययन तथा स्तरअनुरूपता परीक्षणबाट देखिएका प्रमुख कमी कमजोरीहरूमा सजगता अपनाउन सके प्राथमिक तहको भाषिक मूल्याङ्कनमात्र नभई सम्पूर्ण तहकै मूल्याङ्कनका लागि मार्ग निर्देश हुन सक्छ । मूल्याङ्कनको प्रमुख ध्येय पनि गल्ती कमीकमजोरी औँल्याई सही मार्गमा लाग्न, सजग हुन सहयोग गर्नु हो । हामीले अज्ञानताले, समयको अभावले, बाध्यताले अथवा

लापरर्वाहीले सही कार्य नगरेका, विद्यार्थीहरको भविष्यमाथि ध्यान नदिएका हुन सक्छौं । अतः नेपाली विषयको युक्ति निर्माणमा देखिएका यस्ता कमीकमजोरी हटाउनका निमित्त सुझावहरूका रूपमा निम्नलिखित तत्वहरूलाई प्रस्तुत गर्न सकिन्छ -

- भाषाशिक्षण तथा भाषिक मूल्याङ्कनलाई अन्य विषयको तुलनामा पृथक रूपले लिनुपर्दछ ।
- मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीको स्तर, पाठ्यक्रमको मर्म तथा उद्देश्य, सिकाइ उपलब्धि आदि कुराहरूको ख्याल राख्नुपर्दछ ।
- मूल्याङ्कनका लागि तयार पारिने युक्तिहरूको प्रमुख आधार विशिष्टीकरण तालिका हो भन्ने कुरालाई कहिल्यै बिर्सन हुँदैन ।
- अन्तिम परीक्षालाई मात्र मूल्याङ्कनको आधार नमानी निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ ।
- विषयगत मूल्याङ्कन प्रणालीलाई परिष्कृत गरी सीपमूलक परीक्षा प्रणाली अपनाउनु पर्दछ ।
- लेखाइ र व्याकरणलाई बढी जोड दिने प्रचलन हटाई सबै पक्षको समान मूल्याङ्कन गर्नुपर्दछ ।
- विषयगत तथा वस्तुगत प्रश्नहरूका अतिरिक्त मूल्याङ्कनका अन्य साधनहरू (अवलोकन, सञ्चित अभिलेख, घटनावृत अभिलेख आदि) को पनि प्रयोग गर्नुपर्दछ ।
- प्रश्न निर्माताहरूलाई मूल्याङ्कन सम्बन्धी तालिमहरू दिइरहनुपर्दछ ।
- विद्यार्थीले कहिलेकहिले कुनकुन सीप सिके वा सिकेनन् आदि कुराको लगत राख्नुपर्दछ ।
- मूल्याङ्कनका युक्ति निर्माण कार्यमा संलग्न शिक्षकको हेलचेक्याइलाई निरूत्साहित गर्नुपर्दछ ।
- प्रश्न निर्माता शिक्षकलाई उचित पारिश्रमिकको व्यवस्था गरिनुपर्दछ ।
- प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीति अवलम्वन गरिनुपर्दछ ।

- स्रोतव्यक्ति, विद्यालय सुपरीवेक्षक तथा स्रोतकेन्द्रका प्राचार्यहरूलाई नियमित परिचालन गरी निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।
- परीक्षा समितिले आवश्यक परेमा विषय विशेषज्ञसँग पनि परामर्श लिनुपर्दछ ।
- शिक्षक, प्र.अ., स्रोतव्यक्ति, परीक्षा समिति सबैको एकआपसमा समन्वय हुनुपर्दछ ।
- प्रश्न निर्माणका चरणहरूको पूर्व अध्ययन गर्नुपर्दछ ।
- परीक्षणीय प्रश्नहरू उच्च, मध्यम तथा निम्न मिश्रित खालको हुनुपर्दछ ।
- प्रश्नपत्रमा स्पष्ट निर्देशन हुनुपर्दछ ।
- प्रश्नहरू सकेसम्म छोटो स्पष्ट र पूर्ण हुनुपर्दछ ।
- दोहोरो उत्तर आउने खालका प्रश्नहरू हुनुहुँदैन ।

अन्त्यमा भन्नुपर्दा यी माथिका बुँदाहरू नमुनाका रूपमा मात्र प्रस्तुत गरिएका छन् । प्रश्नहरूले केवल विद्यार्थीहरूको मात्र मूल्याङ्कन नगरी प्रश्न निर्माता शिक्षक वर्गको पनि मूल्याङ्कन गरेको हुन्छ भन्ने सत्यतालाई आत्मसाथ गरेमा अवश्य पनि नेपाली विषयका प्रश्नले स्तरीय रूप प्राप्त गर्न सक्दछ । भाषिक युक्ति तथा मूल्याङ्कन सम्बन्धी यी र यस्तै अन्य विषयमा शोधकार्य गर्न चाहने शोधार्थी, अनुसन्धानकर्ता तथा इच्छुक जो कोहीका लागि पनि केही सम्भाव्य शीर्षकहरू यसप्रकार हुन सक्छन् -

१) स्रोतकेन्द्र स्तरीय भाषिक परीक्षाको तुलनात्मक अध्ययन,
२) स्रोतकेन्द्रअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा प्रयुक्त भाषिक युक्तिहरूको अध्ययन,
३) स्रोतकेन्द्र स्तरीय परीक्षा तथा जिल्ला स्तरीय परीक्षाका बीचको भिन्नता एक अध्ययन,
४) स्रोतकेन्द्र स्तरीय भाषिक परीक्षाको निरन्तर मूल्याङ्कन प्रणाली एक अध्ययन,
५) स्रोतकेन्द्रद्वारा सञ्चालित प्रथम तथा दोस्रो त्रैमासिक परीक्षामा उपयोग गरिएका भाषिक प्रश्नहरूको विश्लेषण आदि ।

# सन्दर्भसामग्री सूची


१. अधिकारी, हेमङ्गराज, **नेपाली भाषाशिक्षण,** काठमाडौँः कुञ्जन प्रकाशन, २०५३ ।

२. काफ्ले, बासुदेव र अन्य, **शैक्षिक प्रशासन र सुपरीवेक्षण,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

३. गौतम, रामप्रसाद, **भाषिक अनुसन्धान विधि,** काठमाडौँः दीक्षान्त पुस्तक भण्डार, २०६१ ।

४. जबरा, स्वयमप्रकाश र अरू, **शिक्षामा मापन र मूल्याङ्कन,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६४ ।

५. दीक्षित, उषा, **मेरो नेपाली किताब कक्षा ५,** भक्तपुरः नेपाल सरकार, शिक्षा तथा खेलकुदमन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, २०६४ ।

६. नेपाल सरकार, **मेरो नेपाली किताब कक्षा १,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, २०६३ ।

७. .................., **मेरो नेपाली किताव कक्षा २,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, २०६४ ।

८. .................., **प्राथमिक शिक्षा पाठ्यक्रम २०६३,** भक्तपुरः नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, २०६४ ।

९. .................., **मेरो नेपाली किताव कक्षा ३,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, २०६५ ।

१०. .................., **शैक्षिक समाचार,** रूपन्देही, जिल्ला शिक्षा कार्यालय, २०६६ ।

११. प्याकुरेल, भरत नेपाली, **मेरो नेपाली किताव कक्षा ४**, भक्तपुरः नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, २०६४ ।

१२. पन्थ, नारायणप्रसाद, **शैक्षणिक मूल्याङ्कन,** काठमाडौँः बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६५ ।

१३. पर्रोहा उच्च मा.वि., **पर्रोहा दीप स्वर्णमहोत्सव स्मारिका,** रामनगरः पर्रोहा उच्च मा.वि., २०६५ ।

१४. पोखेल, भागिरथ, **कक्षा ४ का विद्यार्थीहरूको आवधिक मूल्याङ्कनको विश्लेषण,** अप्रकाशित, स्नातकोत्तर (एम.एड्.) शोधपत्र त्रि.वि., कीर्तिपुरः २०६५ ।

१५. बस्याल, हुमकान्त, **पाल्पा बल्डेङ्गढी क्षेत्रका मगर जातिमा प्रचलित ठूलोनाँच तथा स्थानीय अन्य लोकनृत्यहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित, स्नातकोत्तर (एम.ए.) शोधपत्र, त्रि.वि., काठमाडौँः २०६२ ।

१६. भट्टराई, रमेशप्रसाद र अन्य, **नेपाली भाषाशिक्षण,** भक्तपुरः श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, २०६२ ।

१७. भट्टराई, रामप्रसाद, **भाषिक अनुसन्धान विधि,** काठमाडौँः शुभकामना प्रकाशन, २०६५ ।

१८. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा, **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, काठमाडौँः एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स, २०६५ ।

१९. शर्मा, केदार प्रसाद र माधवप्रसाद ढुङ्गेल, **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँः न्यु हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

२०. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि,** ललितपुरः साझा प्रकाशन, २०५५ ।

२१. श्री ५ को सरकार, **प्राथमिक शिक्षा पाठ्यक्रम,** २०४९, भक्तपुरः प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ, २०४९ ।

# व्यक्तिवृत्त



नाम - हुमकान्त बस्याल

जन्म - २०२४-०४-०७

जन्मस्थान - यम्घा-६, पाल्पा

स्थायी ठेगाना - दुधराक्ष-२, रूपन्देही

बाबुको नाम - रुक्मागत बस्याल

आमाको नाम - अम्बिका बस्याल

पेशा - शिक्षण

शैक्षिक योग्यता विवरण

| योग्यता | श्रेणी | अध्ययन संस्थान | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| एस.एस.सी. | द्वितीय | बुटवल मा.वि., रूपन्देही | २०४२ |
| आइ.ए. | तृतीय | बुटवल बहुमुखी क्याम्पस, रूपन्देही | २०४५ |
| वि.ए. | तृतीय | बुटवल बहुमुखी क्याम्पस, रूपन्देही | २०५२ |
| वि.एड्. (एक वर्षे) | द्वितीय | बुटवल बहुमुखी क्याम्पस, रूपन्देही | २०५४ |
| एम.ए. (नेपाली) | द्वितीय | त्रि.वि.वि. | २०५९ |
| एम.एड्. (नेपाली) | प्रथम | बुटवल बहुमुखी क्याम्पस, रूपन्देही | २०६५ |

सम्लग्नता

| क्र.सं. | सम्लग्न शिक्षण संस्थान | तह | पद | कैफियत |
|---|---|---|---|---|
| १ | दोभान मा.वि., दोभान, पाल्पा | मा.वि | शिक्षक | |
| २ | सत्यवती मा.वि., सत्यवती, पाल्पा | मा.वि. | प्रधानाध्यापक | |
| ३ | पशुपति उ.मा.वि., सालभ्फण्डी, रूपन्देही | उ.मा.वि. | शिक्षक | |
| ४ | रामापुर उ.मा.वि., दुधराक्ष, रूपन्देही | उ.मा.वि. | शिक्षक | हाल कार्यरत |
| ५ | सहिद नारायण पोखेल रामापुर क्याम्पस, दुधराक्ष, रूपन्देही | वि.एड्. | प्राध्यापक | हाल कार्यरत |

# परिशिष्ट खण्ड

क) कक्षा ५ को नेपाली विषयको विशिष्टीकरण तालिका

ख) अध्ययन क्षेत्रको नक्सा

ग) शोधप्रश्नावलीको नमुना

घ) तथ्य सङ्कलनमा उपयोग गरिएका विद्यालयहरूको विवरण

ङ) स्रोतकेन्द्रले २०६५ सालको प्राथमिक तहको वार्षिक परीक्षामा उपयोगमा ल्याएको नेपाली विषयको प्रश्नका नमुनाहरू

# परिशिष्ट 'ग'
# शोधप्रश्नावलीको नमुना

आदरणीय पर्रोहा स्रोतकेन्द्रसम्बद्ध शिक्षाप्रेमी गुरूजनहरू ! भाषिक मूल्याङ्कन भाषा शिक्षणको निर्णायक तत्व भएको कुरा यहाँहरूमा अवगतै छ । भाषिक मूल्याङ्कन यसका साधनहरूमाथि निर्भर रहन्छ । हामीले अहिलेसम्म प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षामा के-कस्ता युक्तिहरूको प्रयोग गरी भाषिक मूल्याङ्कन गर्ने गरेका छौं, भाषिक युक्तिहरू के-कति सान्दर्भिक छन् भन्ने सन्दर्भमा शोध, अनुसन्धान गरी निष्कर्ष निकाल्ने हेतुले **प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन** भन्ने शीर्षकमा शोधपत्र तयार गर्न लागेकोले आफूसँग भएका ज्ञान तथा आवश्यक सामग्री उपलब्ध गराइ सहयोग गरिदिनुहुन सम्बन्धित सबैसँग हार्दिक अनुरोध गर्दछु ।

अनुरोधक

शोधार्थी हुमकान्त बस्याल

दुधराक्ष-२, रूपन्देही

<u>प्रश्नहरू</u>

१. पर्रोहा स्रोतकेन्द्रको स्थापना कहिले भएको हो ?

२. यस स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा प्राचार्य को-को हुनुहुन्छ ?

३. यस स्रोतकेन्द्रमा कतिवटा गा.वि.स. हरू रहेका छन् ?

४. यस स्रोतकेन्द्रमा कतिवटा सामुदायिक तथा संस्थागत विद्यालयहरू रहेका छन् ?

५. यस स्रोतकेन्द्रले के-कस्ता कार्यहरू गर्दछ ?

६. स्रोतकेन्द्रमा रहेको परीक्षा समितिमा को-को पदाधिकारीहरू हुनुहुन्छ ?

७. स्रोतकेन्द्र स्तरीय परीक्षाका लागि के-कसरी प्रश्न निर्माण गर्नुहुन्छ ?
८. स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन गर्नुपूर्व अन्य कुन-कुन कार्यहरू गर्नुहुन्छ ?
९. यस स्रोतकेन्द्रले मूल्याङ्कन अनुगमनसम्बन्धी के-कस्ता कार्यहरू गर्दछ ?
१०. २०६५ सालको प्राथमिक तहको स्रोतकेन्द्र स्तरीय परीक्षा के-कसरी सञ्चालन गरिएको थियो र यसका उत्तरपुस्तिकाहरूको परीक्षण के-कसरी गरिएको थियो ?
११. स्रोतकेन्द्रका सम्बन्धमा तपाईको अन्य केही थप जानकारी छ कि ?

# परिशिष्ट 'घ'

## तथ्य सङ्कलनमा उपयोग गरिएका सामुदायिक विद्यालयहरू

| सि.नं. | विद्यालयको नाम र ठेगाना | प्र.अ./प्राचार्यको नाम | शिक्षक संख्या | | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरवन्दी | निजी | राहत | |
| १ | श्री पर्रोहा उ.मा.वि., पर्रोहा-१ | श्री बलबहादुर के.सी | २३ | ४ | – | २७ |
| २ | श्री नवरत्न उ.मा.वि., सेमलार-३ | श्री मीनप्रसाद शर्मा | २२ | – | – | २२ |
| ३ | श्री रामापुर उ.मा.वि., दुधराक्ष-२ | श्री कमलराज बेल्वासे | १७ | ५ | – | २२ |
| ४ | श्री पशुपति उ.मा.वि., सालझण्डी | श्री मनबहादुर राना | १८ | ७ | – | २५ |
| ५ | श्री सैनामैना मा.वि., पर्रोहा-६ | श्री नारायणप्रसाद गौतम | १४ | ४ | १ | १९ |
| ६ | श्री जनकल्याण मा.वि., दुधराक्ष-१ | श्री अर्जुनप्रसाद पोखेल | १० | ४ | – | १४ |
| ७ | श्री दुर्गाभवानी मा.वि., पर्रोहा-६ | श्री रूद्रप्रसाद शर्मा | ७ | ४ | नि.मा.वि. १ प्रा.वि. १ | १३ |
| ८ | श्री बनगाई मा.वि., ख.बनगाई-६ | श्री गोबिन्द पौडेल | ७ | ७ | १ | १५ |
| ९ | श्री शिशै मा.वि., ख.वनगाई-६ | श्री गुणानिधि घिमिरे | ७ | ४ | २ | १३ |
| १० | श्री सालझण्डी नि.मा.वि., सालझण्डी-१ | श्री टीकाबहादुर गाहा | ५ | ५ | - | १० |
| ११ | श्री राष्ट्रिय नि.मा.वि., दुधराक्ष-७ | श्री टेकप्रसाद बस्याल | ४ | ६ | नि.मा.वि. १ प्रा.वि. १ | १२ |
| १२ | श्री सरस्वती नि.मा.वि., दुधराक्ष-७ | श्री गणेशप्रसाद पराजुली | ५ | ४ | - | ९ |
| १३ | श्री मल्मलादेवी नि.मा.वि., दुधराक्ष-६ | श्री गणेशकुमार खनाल | ५ | ४ | १ | १० |
| १४ | श्री जनचेतना नि.मा.वि., दुधराक्ष-५ | श्री प्रेमनारायण लम्साल | ७ | २ | - | ९ |
| १५ | श्री कोटियादेवी नि.मा.वि., सालझण्डी-८ | श्री चन्द्रमणि पोखेल | ५ | २ | - | ७ |
| १६ | श्री जनज्योति नि.मा.वि., पर्रोहा-४ | श्री विष्णुप्रसाद पौडेल | ५ | १ | - | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | श्री पश्चिम पर्रोहा नि.मा.वि., पर्रोहा-३ | श्री पिताम्बर घिमिरे | ७ | २ | - | ९ |
| १८ | श्री महेरवादेवी नि.मा.वि., सालभ्कण्डी-५ | श्री सूर्यप्रकाश भुसाल | ४ | ३ | - | ७ |
| १९ | श्री बेलभरिया नि.मा.वि., सेमलार-७ | श्री अर्जुनप्रसाद मरासिनी | ५ | – | - | ५ |
| २० | श्री नरैनापुर प्रा.वि., सेमलार-५ | श्री विरवल चौधरी | ५ | – | - | ५ |
| २१ | श्री कालिका नि.मा.वि., पर्रोहा-४ | श्री खगेश्वर तिवारी | ५ | – | - | ५ |
| २२ | श्री जनज्योति प्रा.वि., सालभ्कण्डी-७ | श्री टीकाराम भट्टराई | ४ | २ | - | ६ |
| २३ | श्री पर्रोहा परमेश्वर नि.मा.वि.,पर्रोहा-२ | श्री भागिरथ चौधरी | ५ | ३ | १ | ९ |
| २४ | श्री शुद्धोधन प्रा.वि., पर्रोहा-१ | श्री लालुप्रसाद उपाध्याय | २ | ५ | १ | ८ |
| २५ | श्री कञ्चन प्रा.वि., दुधराक्ष-१ | श्री लक्ष्मण ज्ञवाली | ३ | २ | १ | ६ |
| २६ | श्री इंगुरिया प्रा.वि., दुधराक्ष-१ | श्री शालिकराम खनाल | १ | ४ | १ | ६ |
| २७ | श्री गोरखनाथ प्रा.वि., दुधराक्ष-१ | श्री पिताम्वर बेल्वासे | ३ | २ | - | ५ |
| २८ | श्री कालिका भवानी प्रा.वि., दुधराक्ष-४ | श्री मेघप्रसाद गैरे | ४ | १ | - | ५ |
| २९ | श्री समदेवी प्रा.वि., ख.बनगाई-८ | श्री देवप्रसाद शर्मा | २ | १ | - | ३ |
| ३० | श्री सरस्वती प्रा.वि., सेमलार-८ | श्रीमती शिवा पोखेल | – | १ | २ | २ |
| ३१ | श्री दुर्गा भवानी प्रा.वि., सेमलार- | श्रीमती हेमा गौतम | – | १ | २ | ३ |
| | | | | | जम्मा शिक्षकहरूको सङ्ख्या | ३१७ |

# तथ्य सङ्कलनमा उपयोग गरिएका संस्थागत विद्यालयहरू

| सि. नं. | विद्यालयको नाम र ठेगाना | प्र.अ. ⁄ प्राचार्यको नाम | अनुमति कक्षा | शिक्षक संख्या |
|---|---|---|---|---|
| १ | श्री सिद्धार्थ मेमोरियल एकेडेमी, दुधराक्ष-५ | श्री भोजराज पौडेल | नर्सरी-१० | ३१ |
| २ | श्री नवप्रभात इङ्लिस बोर्डिङ स्कुल, सालभण्डी-४ | श्री गिरेन्द्रप्रसाद शर्मा | नर्सरी-१० | ३३ |
| ३ | श्री रामापुर रिभाइवल इङ्लिस बोर्डिङ्ग स्कुल, दुधराक्ष-५ | श्री कृष्णप्रसाद शर्मा | नर्सरी-१० | २० |
| ४ | श्री बुद्ध इङ्लिस बोर्डिङ स्कुल, दुधराक्ष-७ | श्री नारायणप्रसाद खनाल | नर्सरी-१० | २२ |
| ५ | श्री सिद्धिविनायक सेकेण्डरी स्कुल, सेमलार-३ | श्री मोहन पाण्डे | नर्सरी-१० | २३ |
| ६ | श्री गणेश ज्ञानज्योति पब्लिक हाई स्कुल, सेमलार-३ | श्री कुलराज शर्मा | नर्सरी-१० | ३३ |
| ७ | श्री प्रभात इङ्लिस बोर्डिङ स्कुल, पर्रोहा-१ | श्री अनन्तराम शर्मा | नर्सरी-१० | ३५ |
| ८ | श्री सैनामैना मेमोरियल, पर्रोहा-६ | श्री रामबहादुर कुँवर | नर्सरी-१० | १७ |
| ९ | श्री ग्यालेक्सी इङ्लिस बोर्डिङ स्कुल, पर्रोहा-१ | श्री प्रकाश भट्टराई | नर्सरी-१० | ३३ |
| १० | श्री सुनगाभा पब्लिक स्कुल, पर्रोहा-४ | श्री टोपलाल भट्टराई | नर्सरी-१० | २७ |
| ११ | श्री गणेश इङ्लिस स्कुल, सेमलार-३ | श्री टीकाराम सुवेदी | नर्सरी-१० | १५ |
| १२ | श्री भुजौली इङ्लिस स्कुल, ख.वनगाई-७ | श्री झलक थापा | नर्सरी-१० | १५ |
| १३ | श्री लिटिल वड्स इङ्लिस बोर्डिङ स्कुल, पर्रोहा-६ | श्री हरिप्रसाद सिग्देल | नर्सरी-५ | १० |
| १४ | श्री शुद्धोधन इङ्लिस स्कुल, ख.वनगाई-१ | श्री तोयनाथ पौडेल | नर्सरी-८ | ११ |
| | | | जम्मा शिक्षकहरूको संख्या | ३२५ |